# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१

(कर्णाली प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट पारित मिति-२०८१-०२-३१)

कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# खण्ड क:
# मनसुनजन्य विपद् जोखिम तथा प्रभाव आँकलन

## 1. परिचय

### *१.१ पृष्ठभूमि*

कर्णाली प्रदेशमा सुर्खेत, दैलेख, रुकुम पश्चिम, सल्यान, जाजरकोट, जुम्ला, मुगु, कालिकोट, हुम्ला र डोल्पा गरी १० जिल्ला रहेका छन् भने ती जिल्लाका २५ नगरपालिका, ५४ गाउँपालिका गरी ७९ वटा स्थानीय तहमा ३ लाख ६६ हजार २५५ घरधुरीमा १६ लाख ८८ हजार ४१२ जनसङ्ख्या बसोबास गर्दछन् । त्यसमध्ये ४८.७९ प्रतिशत पुरुष र ५१.२१ प्रतिशत महिलाको जनसङ्ख्या रहेको छ[1] ।

कर्णाली प्रदेश नेपालका सातवटा प्रदेशहरूमध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो, जनसङ्ख्याका हिसाबले सबैभन्दा सानो, गरिबीको दर उच्च रहेको, विकास सूचकाङ्क आधारमा पछाडि परेको र विपद् जोखिमको हिसाबले उच्च जोखिममा रहेको प्रदेश हो । वि.सं. २०७१ वैशाखदेखि २०८० चैत्रसम्म १० वर्षको अवधिमा कर्णाली प्रदेशमा १७३२ पटक विपद्का घटनाहरू भए। जसबाट ६४६ जनाको मृत्यु भयो। १७० जना बेपत्ता भए ११५५ जना घाइते भए। यस अवधिमा हजार सय घरहरू प्रभावित भए [2]। मनसुनजन्य विपद्हरूमा पनि बाढी, पहिरो र भारी बर्षाका घटनाहरूबाट बढी क्षति तथा नोक्सानी हुँदै आएको देखिन्छ ।

वि.सं. २०७१ वैशाखदेखि २०८० चैत्रसम्म १० वर्षको अवधिमा सडक दुर्घटना र कोभिड महामारी बाहेकका अन्य विपद्बाट मात्र कर्णाली प्रदेशमा १३ अर्ब ४४ करोड ६६ लाख १४ हजार ५ सय ७८ रुपैयाँ अनुमानित आर्थिक नोक्सानी भएको तथ्याङ्कले देखाउँछ। औसतमा कर्णाली प्रदेशमा वार्षिक १ अर्ब ३४ करोड ४६ लाख ६१ हजार ४ सय ५८ रुपैयाँभन्दा बढी क्षति हुने गरेको देखिन्छ। जुन चालु आर्थिक वर्षको यस प्रदेशको बजेटको करिब प्रतिशतभन्दा बढी हो। यस प्रदेशमा बाढी पहिरोबाट सबैभन्दा बढी आर्थिक क्षति हुने गरेको देखिएको छ। दोस्रोमा आगलागिबाट, तेस्रोमा पहिरोबाट र त्यसपछि चट्याङ्ग, हावाहुरी र महामारीबाट धेरै आर्थिक क्षति हुने गरेको देखिन्छ ।

---

[1] केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा

[2] Disaster Risk Reduction Portal: Government of Nepal, Ministry of Home Affairs (www.drrportal.gov.np)

मनसुनी वर्षा, बेमौसमी वर्षा, कमजोर भौगर्भिक बनावट, भौगोलिक विकटता, जोखिम स्थानहरूमा घर तथा अन्य संरचनाहरूको निर्माण, जोखिम न्यूनीकरणका उपायहरू नअपनाउनु आदि कारणबाट मनसुनको समयमा बाढी, पहिरो, भीषण वर्षा, चट्याङ्ग लगायत अन्य पानीजन्य प्रकोपका कारण यस प्रदेशमा ठूलो जनधनको क्षति हुने गरेको छ। जल तथा मौसम विज्ञान विभागको मौसमी प्रतिवेदन अनुसार यस वर्ष कर्णाली प्रदेशका अधिकांश भू-भागमा सरदरभन्दा बढिवर्षा हुने सम्भावना ६५%रहेको छ ।पहाडका फेदीहरू र तराईमा जलाधार क्षेत्रबाट बगेर आएको बालुवा तथा गेग्रान थुप्रिनाले बस्ती र कृषियोग्य जमिन नष्ट भइरहेका छन्। पहाडका बेसी, भित्री मधेश तथा तराई क्षेत्रमा नदी किनारा कटान तथा डुबानको समस्या दिन प्रतिदिन बढ्दै गइरहेको छ। नदीका जलप्रवाह मार्गमा अतिक्रमण र बाढी प्रभावित तथा जलाधार क्षेत्रमा भूमिको अव्यवस्थित प्रयोगले गर्दा यस्ता समस्या अझ जटिल बन्दै गइरहेका छन्। कर्णाली प्रदेश बहुप्रकोपयुक्त क्षेत्र भएकाले मनसुनको समयमा यस प्रदेशका जिल्लाहरू बाढी, पहिरो, भारी वर्षा, चट्याङ्ग र महामारीको जोखिममा रहेका छन्।

वर्षायाममा हुन सक्ने बाढी, कटान, पहिरो, सडक अबरोध, महामारी जस्ता प्रकोपहरूलाई दृष्टिगत गरी प्रकोप अगाडि अपनाइने साबधानीका उपायहरू, विपद्को समयमा गरिने खोज तथा उद्धार कार्य, राहत वितरण कार्य तथा प्रभावितहरूका लागि राहत सङ्कलन साथै विपद्पश्चात गर्न सकिने मानवीय सहयोग एवम् शीघ्र पुनर्लाभ, पुनःर्निमाण र पुनर्स्थापनाको क्षेत्रमा गर्न सकिने आधारभूत विषयहरूमा आधारित रही वर्षायामका लागि "मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, २०८१" तयार गरिएको छ। यस कार्ययोजनाले पहिरो र बाढीको विपद् भएको अवस्थामा क्षति कसरी कम गर्न सकिन्छ, प्रभावकारी सूचना व्यवस्थापन कसरी गर्न सकिन्छ, आपतकालीन अवस्थामा सम्बन्धित निकाय कसरी सक्रिय हुने, आपत्कालीन जोखिम न्यूनीकरण र पूर्वतयारी कसरी गर्ने, घटना हुनेवित्तिकै कसरी यथासम्भव समन्वय र सहकार्य गरी प्रभावकारी प्रतिकार्य गर्नेजस्ता विषयमा यस प्रदेशका क्रियाशील विभिन्न विषयगत क्षेत्र र सरोकारवाला निकायको जिम्मेवारी तोकेको छ।

सरोकारवाला निकायसँगको छलफल, प्राविधिक विश्लेषण र गत बर्ष र विगतको अनुभवको आधारमा प्रदेशको सम्भावित जोखिमको आँकलन गरेर त्यसको पूर्वतयारी र प्रतिकार्यको स्पष्ट कार्यविभाजन यो कार्ययोजनामा समेटिएको छ। वर्षायामलाई लक्षित गरी प्रदेश स्तरीय विषयगत क्षेत्रमा नेतृत्व गर्ने मन्त्रालयले तयार गरेको योजनालाई समेत आधार मानी यो कार्ययोजना तयार गरिएको छ ।

## *१.२ उद्देश्य*

यस कार्ययोजनाका मुख्य-मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. २०८१ सालको मनसुन पूर्वानुमानका आधारमा सम्भावित जोखिम आँकलन गर्ने ।

२. विपद् जोखिम आँकलनको आधारमा विपद्बाट प्रभावित हुन सक्ने जनसङ्ख्या गर्भवती, सुत्केरी महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको समेत पूर्वानुमान गर्ने ।
३. विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत क्षेत्र तथा सरोकारवाला निकायहरूको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना एकीकृत गर्ने तथा मनसुन पूर्वतयारी र प्रतिकार्यमा समन्वयात्मक तथा एकीकृत क्रियाकलापहरू तय गरी सोही अनुरूप कार्यान्वयन गरी मानवीय, भौतिक र आर्थिक क्षति न्यूनीकरण गर्ने ।
४. जिल्ला र स्थानीय तहको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना बनाउन आधारप्रदान गर्ने ।
५. विपद् पूर्वतयारी र प्रतिकार्यका कार्यहरूमा विभिन्न सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी स्पष्ट बनाउने ।

### *१.३ कार्ययोजना निर्माण प्रक्रिया*

यस कार्ययोजना बनाउने क्रममा विभिन्न चरणहरूमा कार्य गरिएको थियो जुन यसप्रकार रहेको छः

- प्रदेश सरकारले तयार गरेको कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन नियमावली २०७६ (संसोधन सहित), प्रदेश विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्रादेशिक रणनीतिक कार्ययोजना सन् २०२२–२०३० को अध्ययन र पुनरावलोकन ।
- संघीय सरकारले तयार गरेको मनुसून पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना मस्यौदाको अध्ययन ।
- नेपाल सरकार विपद् पोर्टलमा राखिएका विपद्सँग सम्बन्धित घटनाहरू, क्षतिको विवरण र नक्सा तथा इन्फोग्राफिक्सहरूको अध्ययन ।
- विषयगत क्षेत्रअनुसार विभिन्न चरणमा छलफल र विषयगत क्षेत्रको मनसुन पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा ।
- विषयगत क्षेत्रले तयार गरेको आकस्मिक योजनालाई एकीकृत गरी प्रथम चरणको मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाको निर्माण ।
- मस्यौदा मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन विशेषज्ञबाट अध्ययन, पुनरावलोकन र दोश्रो मस्यौदा तयारी ।
- दोश्रो मस्यौदालाई विषयगत क्षेत्रहरूमा प्रस्तुती छलफल र पृष्ठपोषण ।

- पृष्ठपोषण र सुझावलाई समेटेर मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाको अन्तिम योजना तयारी ।
- कर्णाली प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट कार्ययोजनाको अनुमोदन ।

### *१.४ कार्ययोजनाको कार्यान्वियन*

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, र नियमावली, २०७६ तथा कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ (तेस्रो संशोधन) बमोजिम केन्द्रदेखि स्थानीय तहसम्म विपद् व्यवस्थापनका लागि संरचना तयार भएको छ। यस कर्णाली प्रदेशमा ९ वटा विषयगत क्षेत्रहरू सक्रिय रहेको र मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी तयारी अवस्थामा रहेको छ ।

यस कर्णाली प्रदेशमा प्रादेशिक विपद प्रतिकार्य कार्यढाँचा निर्माण गर्ने क्रममा रहेकोले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (संशोधन सहित) बमोजिममा विपद् प्रतिकार्य संयन्त्र र प्रकृया तयारी अवस्थामा रहेको छ। तीनवटै सुरक्षा निकायका २४५ जना तालिम प्राप्त खोज उद्धार जनशक्ति तैनाथि अवस्थामा रहेको छ र आवश्यक परेमा खोज उद्धारको लागि थप जनशक्ति परिचालनको प्रबन्ध तीन वटै सुरक्षा निकायसँग समन्वय गरी परिचालन गर्ने गरिएको छ ।विपद् व्यवस्थापनको लागि मानवरहित हवाई यन्त्रको प्रयोग सम्बन्धी तालिम प्राप्त १७ जना दक्ष जनशक्तिको सूची तयार गरी तयारी अवस्थामा राखिएको छ । कर्णाली प्रदेशमा रहेका खोज उद्धार जनशक्ति, उपकरण तथा सामग्रीको विवरण अद्यावधिक गरिएको छ ।

बाढी-पहिरोको कारण सडक अवरुद्ध भएमा तत्काल खुलाउनको लागि भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, सुरक्षा निकाय, सडक डिभिजन कार्यालय तथा पालिका मातहत रहेका हेभी उपकरणहरू तैनाथि अवस्थामा रहेका छन् । प्रादेशिक मानवीय सहायता स्थल सुर्खेत र जुम्ला केन्द्र (HSA) तथा गोदाम घरहरूमा बन्दोबस्तीका सामग्रीहरूको प्रबन्ध गरिएको छ ।

यस वर्ष ११ हजार ५ सय ४८ घरधुरीबाट ५० हजार ४ सय ६४ जनसङ्ख्या मनसुजन्य विपद्बाट प्रभावित हुन सक्ने आँकलन गरिएको छ। विगतको अनुभव तथा बाढी तथा पहिरोले परेको प्रभावको तथा प्रतिकार्यको समीक्षालाई आधार मानेर हेर्ने हो भने कर्णाली प्रदेशमा करिब एक तिहाई (१६,८२१ जना र ३८४९ घरधुरी) लाई खाद्यान्न लगायत मानवीय सहायताको आवश्यकता पर्ने अनुमान गरी सोही बमोजिम विषयगत क्षेत्रको कार्ययोजना तयार गरिएको छ। आवश्यक राहत सामग्रीहरूको आँकलन गरी प्रदेश, जिल्ला तथा स्थानीय तहहरूमा विभिन्न विषयगत क्षेत्रका राहत सामग्रीहरूको भण्डारण गरिएको छ ।

मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको प्रभावकारी कार्यान्वयन तथा प्रभावकारी समन्वय र सहकार्य गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय विपद् व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा अन्य मन्त्रालय, तीनवटै सुरक्षा निकाय, जल तथा मौसम विज्ञान कार्यालय, सडक डिभिजन कार्यालयसमेत रहने गरी प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रमा मनसुन अवधिभरका लागि मनसुन प्रतिकार्य कमाण्ड टोली खटाउने प्रबन्ध गरिएको छ ।

# २. मनसुन विपद् जोखिमको अवस्था विश्लेषण

## *२.१ मनसुनजन्य विपद् जोखिमको विश्लेषण*

कर्णाली प्रदेश सातवटा प्रदेशमध्ये बहुप्रकोपको उच्च जोखिममा रहेको छ । नेपालको कमजोर भौगोलिक बनावट, जलवायुको अवस्था, वर्षातको प्रकृति एवम् प्रवृत्ति, जलवायु परिर्वतन, प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन, जोखिमको आँकलन र वातवरण प्रभावको अध्ययनबिना हुने विकासका कार्यहरूले गर्दा बाढी, पहिरो, हिमताल विस्फोट, हिमपहिरो, भारी वर्षाजस्ता जलवायु तथा मनसुनजन्य प्रकोपहरूका घटनाहरूको बारम्बारता र प्रभाव बढिरहेको छ। जसले गर्दा धेरै जनसङ्ख्यालाई प्रभावित गर्ने क्रम पनि बढिरहेको छ ।

मनसुनजन्य विपद्हरूमा पनि बाढीपहिरो र भारी वर्षाका घटनाहरूबाट बढी मानवीय र आर्थिक क्षति तथा नोक्सानी हुँदै आएको देखिन्छ। कर्णाली प्रदेशमा विगत १० वर्ष (२०७१ बैशाख देखि २०८० चैतसम्म) को अवधिमा मौसमजन्य प्रकोपहरू (बाढी, पहिरो, भारी वर्षा) को कारणले ८१४ वटा विपद्का घटनाहरू घटेका छन् । यी मौसमजन्य विपद्बाट ३२० जनाको मृत्यु, १५४ बेपत्ता, ५५९ जना घाइते भएका थिए। आंशिक र पूर्ण गरी २३७५ घरहरूमा क्षति भयो भने अनुमानित १० अरबभन्दा बढी आर्थिक क्षति हुन पुग्यो । यस प्रदेशको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, २०८१ निर्माणका लागि गृह मन्त्रालयको वि.सं.२०७१ देखि २०८० सम्मको तथ्याङ्कलाई विश्लेषण र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् पोर्टललाई विश्लेषण गर्दा यस प्रदेशमा वर्षायामका मुख्य प्रकोपहरू क्रमशः बाढी, पहिरो र भारी वर्षा रहेका छन् र देहाय बमोजिमका प्रकोपहरूको विश्लेषण गरिएको छ ।

**तालिका १**ः मनसुनजन्य विपद्बाट भएको क्षतिको विगत १० बर्षको तथ्याङ्क
(वि.सं.२०७१-०१-०१ देखि २०८०-१२-३०)

| अवधि | घटना | घटना सङ्ख्या | मृत्यु | वेपत्ता | घाइते | पूर्वाधारको क्षति | पशु चौपाया | अनुमानित क्षति (रू.करोडमा) |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वि.सं.२०७१दे खि वि.सं.२०८० सम्मको | बाढी | ७५ | ६७ | ११७ | ३३ | १४५७ | ६१ | १००० |
| | पहिरो | ३०५ | १८७ | ३७ | १५२ | ७७२ | ३२२ | ३६ |
| | भारी बर्षा | १६८ | १४ | ० | ४४ | १३७ | ४२९ | १६८ |
| जम्मा | | ५४८ | २६८ | १५४ | २२९ | २३६६ | ८१२ | १२०४ |

स्रोत: *https://bipadportal.gov.np/incidents/*

**चित्र १:** विगत १० बर्षमा मनसुनजन्य विपद्बाट भएको मानवीय क्षतिको विवरण




स्रोत: *https://bipadportal.gov.np/incidents/*

मनसुनजन्य विपद्का कारणले कर्णाली प्रदेशका विभिन्न जिल्लामा वर्षअनुसार भएका घटना र मानवीय क्षतिको अवस्थालाई विश्लेषण गर्दा सबैभन्दा बढी घटनाहरू २०७७ सालमा घटेका र २०७७ मा नै सबैभन्दा बढी मानवीय क्षति भएको देखिन्छ। १० वर्षका विपद्का घटनाहरूको पुनरावृत्तिलाई हेर्दा २०७७, २०७५, २०७९, २०७८, २०७६, २०७३, २०७१ २०७४, २०७२, २०८० सालमा क्रमशः घटेका थिए। मानवीय क्षतिको हिसाबले १० वर्षमा क्रमशः २०७७, २०७१, २०७९, २०७५, २०७८, २०७३, २०७६, २०७४, २०८० र २०७२ साल कम मानवीय क्षति भएको देखिन्छ।

**चित्र २:** वर्षअनुसार विगत १० वर्षमा कर्णालीमा विपद्का घटना र मानवीय क्षतिको अवस्था




*स्रोत: https://bipadportal.gov.np/incidents/*

कर्णाली प्रदेशमा पहिरोका कारण विगत १० बर्षमा आंशिक र पूर्ण गरी ३१५८ घरहरूमा क्षति, १३२९ पशुचौपाया क्षति भयो भने अनुमानित १० अरबभन्दा बढी आर्थिक क्षति हुन पुग्यो ।

**पहिरो**

पहिरोको घटना र यसको पुनरावृत्ति सम्बन्धी तथ्याङ्कलाई विश्लेषण गर्दा कर्णाली प्रदेशमा पहिरोको जोखिम अत्यधिक रहेको छ। गृह मन्त्रालयको वि.सं.२०७१ बैशाखदेखि २०८० चैत्रसम्मको तथ्याङ्क र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् पोर्टललाई विश्लेषण गर्दा कर्णाली प्रदेशभरि ३०५ वटा पहिरोका घटना घटेको र १८७ जना मानिसको मृत्यु भएको, ३७ जना वेपत्ता, १५२ जना घाइते भएका छन् ।

<u>चित्र ३: दश वर्षमा पहिरोका कारण भएको मानवीय क्षति</u>




*स्रोत:* https://bipadportal.gov.np/incidents/

**<u>तालिका २:</u>** विगत १० वर्षमा पहिरोबाट भएको अनुमानित क्षतिको विवरण

| मिति अवधि | घटना | घटना सङ्ख्या | मृत्यु | वेपत्ता | घाइते | पूर्वाधारको क्षति | पशु चौपाय क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|
| वि.सं.२०७१ देखि २०८० सम्म | पहिरो | ३०५ | १८७ | ३७ | १५२ | ७७२ | ३२२ | ३६ करोड |

स्रोत: *https://bipadportal.gov.np/incidents/*

दुर्हाम विश्वविद्यालयको सन् २०२० मा वैज्ञानिक विश्लेषणका आधारमा यस प्रदेशका सल्यान, दैलेख, जाजरकोट, जुम्ला जिल्लाका भू-भागहरू पहिरोको जोखिमपूर्ण क्षेत्र भनी पहिचान गरिएको छ

*<u>चित्र ४:</u> वडास्तरीय पहिरो जोखिम नक्शा*




*स्रोत: विपद् पोर्टल (bipadportal.gov.np)*

*चित्र ५: जिल्ला तथा पालिका स्तरीय पहिरो जोखिम नक्शा*




*स्रोत: विपद् पोर्टल (bipadportal.gov.np)*

**तालिका ३: जिल्ला अनुसार विगत १० वर्षमा पहिरोको कारण भएको मानवीय क्षतिको अवस्था**

| जिल्ला | घटना सङ्ख्या | मृत्यु | घाइते | वेपत्ता |
|---|---|---|---|---|
| दैलेख | ३९ | ५ | १० | ० |
| डोल्पा | १७ | १० | ७ | ८ |
| हुम्ला | १५ | १२ | १७ | १ |
| जाजरकोट | ४३ | ३४ | २० | ४ |
| जुम्ला | ६ | ११ | ६ | १ |
| कालिकोट | ८४ | ७३ | ५४ | २१ |
| मुगु | ११ | ११ | ७ | १ |
| रूकुम पश्चिम | ४५ | १४ | १२ | १ |
| सल्यान | २४ | १० | ३ | ० |
| सुर्खेत | २१ | ७ | १६ | ० |
| जम्मा | ३०५ | १८७ | १५२ | ३७ |

स्रोत: https://bipadportal.gov.np/incidents/

***चित्र ६:** जिल्लाअनुसार विगत १० वर्षमा पहिरोको कारण भएको मानवीय अवस्था*




*स्रोत: https://bipadportal.gov.np/incidents/*

विगत १० वर्ष (वि.सं.२०७१ देखि २०८०) को मनसुनी अवधिभित्र घटेका पहिरोका कारण भएका मानवीय क्षतिको तथ्याङ्क अनुसार कालिकोट, जाजरकोट, डोल्पा, जुम्ला, सल्यान, हुम्ला, रुकुम, मुगु र सुर्खेत जिल्लामा मनसुनी पहिरोका कारण बढी मानवीय क्षति भएको देखिन्छ।

चित्र ६ दैलेख,मा २०७० साल देखि २०७९ सालसम्म कर्णाली प्रदेशका जिल्लाअनुसार पहिरोका कारण भएको मानवीय क्षतिको विवरण प्रस्तुत गरिएको छ ।

**चित्र ७:** कर्णाली प्रदेशमा पहिरोको कारण १० बर्षमा भएको घटनाहरुको अवस्था




***स्रोत:** विपद् पोर्टल (bipadportal.gov.np)*

नक्सामा प्रस्तुत गरीएअनुसार विगत १० वर्षको मनसुनी अवधिभित्र घटेका पहिरोका कारण कालिकोट, जाजरकोट, दैलेख र सल्यानमा बढी मानवीय क्षति भएको देखिन्छ ।

**बाढी**

कर्णाली प्रदेशमा नदी र मुख्य जलाधारबाट ल्याउने बाढी तथा डुबानका घटना वर्षेनी दोहोरिने गरेको पाइन्छ। यस प्रदेशका १० वटा जिल्लामध्ये सुर्खेत जिल्ला बाढी र डुबान प्रकोपको हिसाबले बढी जोखिममा रहेको छ।नदीको पिँधमा धेरै ढुङ्गा माटो जम्मा भई नदीको प्रवाह वरिपरि तटबन्धहरूको निर्माणपश्चात बाढीको समस्या हरेक वर्ष बढ्दै गएको देखिन्छ।हालका वर्षहरूमा कर्णाली प्रदेश, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय अन्तर्गत सुर्खेतमा रहेको खानेपानी, सिंचाई तथा ऊर्जा विकास निर्देशनालय तथा वीरेन्द्रनगर नगरपालिकाले डुबानको समस्या र जोखिमलाई कम गर्न निकास खोलाको निकासलाई चौडा बनाई व्यवस्थित बनाउने कार्य गरिरहेको छ। मौसमजन्य विपद्का कारणले विगत १० वर्षको तथ्याङ्क अनुसार ७५ वटा बाढीका घटनाहरू भएको र जसले गर्दा ६७ जना मानिसको मृत्यु भएको थियो भने ३३ जना घाइते र ११७ जना वेपत्ता भएका थिए । त्यसैगरी २८९० पूर्वाधारको क्षति हुन गई अनुमानित २४ करोड भन्दा बढी आर्थिक क्षति मौसमजन्य विपद्का कारण भएको थियो। सुर्खेत जिल्ला अन्य जिल्लाहरूको तुलनामा बाढीको जोखिममा रहेको छ र विगतका घटनाक्रम हेर्दा सुर्खेत जिल्लामा बाढीका घटनाहरू बढी घटेको देखिन्छ ।

**<u>चित्र ८:</u>** कर्णाली प्रदेशमा बाढीका कारण १० बर्षमा भएका घटनाको अवस्था




**स्रोत:** *विपद् पोर्टल (bipadportal.gov.np)*

**<u>तालिका ४:</u>** विगत १० वर्षमा बाढीबाट भएको क्षतिको तथ्याङ्क

| मिति अवधि | घटना | घटना सङ्ख्या | मृत्यु | वेपत्ता | घाइते | पूर्वाधारको क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|
| वि.सं.२०७१ देखि वि.सं.२०८० सम्म | बाढी | ७५ | ६७ | ११७ | ३३ | २८९० | ६१ | २४.५ करोड |

**स्रोतः** *विपद् पोर्टल (bipadportal.gov.np)*

**तालिका ५:** विगत १० वर्षमा बाढीबाट भएको क्षतिको विवरण (२०७१-०१-०१ देखि २०८०-१२-३१)

| जिल्ला | घटना सङ्ख्या | मृत्यु | घाइते | वेपत्ता |
|---|---|---|---|---|
| दैलेख | ६ | ६ | ० | २ |
| डोल्पा | ७ | १ | ० | १ |
| हुम्ला | १ | ० | ० | ० |
| जाजरकोट | ९ | ० | १ | ६ |
| जुम्ला | ७ | ६ | ० | २ |
| कालिकोट | ११ | ८ | ३ | ४ |
| मुगु | ४ | ० | ० | ३ |
| रूकुम पश्चिम | १२ | ७ | ० | ० |
| सल्यान | ९ | ४ | २ | ४ |
| सुर्खेत | ९ | ३५ | २७ | ९५ |
| **जम्मा** | **७५** | **६७** | **३३** | **११७** |

स्रोत: *https://bipadportal.gov.np/incidents/*

**चित्र ९:** जिल्ला अनुसार विगत १० वर्षमा बाढीका कारण भएको मानवीय क्षतिको अवस्था




स्रोत:*https://bipadportal.gov.np/incidents/*

**भारी वर्षा**

कर्णाली प्रदेशमा भारी वर्षा पनि एक ठूलो प्रकोपको रूपमा रहेको छ । भारी वर्षाको कारणले गर्दा प्रत्येक वर्ष धनजनको क्षति हुने गरेको छ। विगत १० वर्षमा कर्णाली प्रदेशमा भारी वर्षाका १६८ घटना घटेका, जसका कारण १४ जनाको मृत्यु, १७ करोड बराबरको अनुमानित आर्थिक क्षति १३७ पूर्वाधारको क्षति र ४२९ पशु क्षति भएको देखिन्छ। कमजोर संरचना प्रयोग गरेर बनाइएका घरहरू साथै धेरै पुराना घरहरू भारी वर्षाका कारण भत्किने जसले गर्दा मानिस, पशुचौपाया तथा आर्थिक क्षति हुने गरेको तथ्याङ्कले देखाउँदछ। विशेष गरेर श्रावण, भदौमा हुने अत्यधिक वर्षाका कारण यस प्रदेशमा क्षति हुने गरेको छ।

**चित्र ११:** विगत १० वर्षमा कर्णाली प्रदेशमा भारी वर्षा भएको मानवीय क्षति




स्रोत:*https://bipadportal.gov.np/incidents/*

### चट्टयाङ्ग

मनसुनको समयमा **चट्टयाङ्ग**ले पनि यस प्रदेशमा धनजनको क्षति हुने गरेको छ। विगत १० वर्षको तथ्याङ्क अनुसार चटयाङ्गका २३३ वटा घटना भएको जसबाट ४३ जना मानिसको मृत्यु, २८ लाख बराबरको आर्थिक क्षति, १५९० वटा गाईवस्तुहरूको क्षति भएको पाइन्छ।

<u>चित्र १२:</u> विगत १० वर्षमा कर्णाली प्रदेशमा चट्टयाङका घटनाहरु




*https://bipadportal.gov.np/incidents/*

*२.२ वि.सं.२०८१ सालको सम्भावित मनसुन पूर्वानुमान*

## मनसुन सिजन (२०८१ जेष्ठ १९-असोज १४) को हावापानी आँकलन

आगामी मनसुन सिजनमा देशका अधिकांश स्थानहरुमा सरदर भन्दा बढी बर्षा हुने सम्भावना ३५% देखि ५५% रहेको छ । सुदुरपश्चिम प्रदेशको उत्तर-पश्चिम भू-भाग,बागमती प्रदशेको दक्षिण-पूर्वी भू-भाग,मधेश प्रदेशको मध्य भू-भाग र कोशी प्रदेशको मध्य तथा मध्य-पश्चिमी भूभागमा सरदर बर्षा हुने सम्भावना ३५% देखि ४५% रहेको छ। अधिकतम तापक्रम देशको अधिकांश स्थानहरुमा सरदर भन्दा बढी हुने सम्भावना ३५% देखि ६५% रहेको छ भने कर्णाली प्रदेशको पश्चिमी भू-भाग,गण्डकी प्रदेशको मध्य भू-भाग तथा कोशी प्रदेशको उत्तर-पूर्वी भू-भागमा सरदर रहेको सम्भावना ३५% देखि ४५% रहेको छ भने सुदुरपश्चिम प्रदेश,गण्डकी प्रदेश र बागमती प्रदेशको थोरै भू-भागमा सरदर रहने सम्भावना ३५% देखि ४५% रहेको छ ।

**बर्षाको आंकलन:**

देशका अधिकांश स्थानहरुमा सरदर भन्दा बढी बर्षा हुने सम्भावना ३५% देखि ५५% सम्म रहेको छ भने सुदुरपश्चिम प्रदेशको उत्तर-पश्चिमी भू-भाग,बागमती प्रदेशको दक्षिणी-पूर्वी भू-भाग,मधेध प्रदेशको मध्य भू-भाग र कोशी प्रदेशको मध्य तथा मध्य-पश्चिमी भूभागमा सरदर बर्षा हुने सम्भावना ३५% देखि ४५% रहेको छ ।



## २.३ पूर्व सूचना प्रणाली

नेपालमा पूर्व सूचना प्रणाली मुख्यतया बाढी तथा पहिरोमा केन्द्रित छ। यो प्रणाली ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको जल तथा मौसम विज्ञान विभाग (Department of Hydrology and Meteorology ) ले सञ्चालन गरेको हो। DHM ले मौसम स्टेशनहरू, नदी गेजहरू, वर्षा डेटा सेन्सरहरू सहित विभिन्न उपकरणहरू र प्रविधिहरू प्रयोग गर्दछ । प्राकृतिक प्रकोपहरूको निगरानी र भविष्यवाणी गर्दछ ।

DHM ले रेडियो, टेलिभिजन, एसएमएस अलर्ट, सामाजिक सञ्जाल, र अन्य सञ्चार च्यानलहरू सहित विभिन्न माध्यमहरू मार्फत समुदायमा प्राकृतिक प्रकोपहरू बारे जानकारी फैलाउँछ। DHM ले स्थानीय समुदायहरू र राष्ट्रिय/ प्रादेशिक/जिल्ला/ स्थानीय आपतकालीन सञ्चालन केन्द्र (NEOC, PEOC, DEOC,LEOC) सँग पनि सम्भावित जोखिमहरूको बारेमा जनतालाई समयमै र सही जानकारी प्राप्त गर्ने कुरा सुनिश्चित गर्नका लागि काम गर्दछ।

**ट्रिगर स्तरः** नेपालमा बाढीको ट्रिगर स्तर स्थान र नदी बेसिनमा निर्भर गर्दछ। उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको जल तथा मौसम विज्ञान विभागले नदीमा पानीको सतहको अनुगमन गर्ने र आवश्यक परे बाढीको चेतावनी जारी गर्ने गर्दछ ।

### ट्रिगर संयन्त्र

जल तथा मौषम विज्ञान विभागको ३ दिने मौषम पूर्वानुमान तथा कर्णाली, भेरी तथा अन्य नदिहरुको जल सतह मापन केन्द्रको आधारमा ट्रिगर संयन्त्र सकृय हुन्छ ।

| पूर्वानुमान | अति उच्च जोखिम | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|---|
| जल तथा मौषम विज्ञान विभागको ३ दिने मौषम तथा बाढि पूर्वानुमान । | नदिहरुको बहाव उलेख्य बढने तथा खतरा तह पार गर्नसक्ने पूर्वानुमान । वस्तिमा बाढी पस्न सक्ने उच्च संभावना भएकोले सुरक्षित स्थानमा स्थानन्तरण । | नदिहरुको बहाव उलेख्य बढनसक्ने तथा खतरा तह आसपास पुग्नसक्ने पूर्वानुमान । समुदायलाई उच्च सतर्कता अपनाउन आग्रह । | नदिहरुको बहाव उलेख्य बढनसक्ने तथा सतर्कतातह आसपास पुग्नसक्ने पूर्वानुमान । सतर्कता अपनाउन आग्रह | जलसतह सतर्कता तह भन्दा तलै रहने र बाढीको न्यून जोखिम हुनसक्ने । |

### *२.४ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिता (GEDSI) को अवलम्बन*

संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, विभिन्न निकायहरू र आपतकालिन पूर्वतयारी र प्रतिकार्यमा सहयोगका लागि काम गर्ने संस्था तथा व्यक्तिहरूले सीमान्तकृत र संकटासन्न समूहहरू, महिला, अपाङ्गता भएको व्यक्ति, वालवालिका, वृद्धवृद्धाहरू भिन्न र विशेष आवश्यकता, क्षमता र प्राथमिकताहरूलाई ध्यान दिनु भोली आउने जोखिमहरूको पूर्व–चेतावनीहरू दिने व्यवस्था गर्ने बिषय समेत यस कार्ययोजनाले समेटेको छ।

## ३. मनसुनजन्य विपद् २०८० को समीक्षा र सिकाई

कर्णाली प्रदेशमा २०८० को मनसुन र मनसुनपछिको अवधिमा बाढी, पहिरो, असिना, चट्याङ, हिमपहिरो ,हावाहुरी, भारी वर्षा र आगोलागीका २८८ वटा घटनाहरू घटेका थिए। जसमा सबैभन्दा बढी आगोलागीको १४०, भारी वर्षा ६ वटा, पहिरोको ३७ र वटा घटना भएका थिए। यस अवधिमा चट्यांगको ४० वटा, बाढी ६ वटा, हावाहुरीको १४ वटा र हिमपहिरोको १ वटा घटना भएको थियो। जिल्लाको हिसाबले सुर्खेतमा सबैभन्दा धेरै ५२ वटा र मुगुमा सबैभन्दा कम १२ वटा मनसुनजन्य विपद्को घटना भएको थियो । २०८० सालको मनसुन अवधिमा भएका विपद्का घटनाहरूको विवरण तालिका ७ मा राखिएको छ ।

<u>तालिका ७:</u> कर्णाली प्रदेशमा २०८० को मनसुन र मनसुनपछिको अवधिमा भएका विपद्का घटनाको विवरण

| जिल्ला | हिमपहिरो | आगलागि | बाढि | वन डढेलो | भारि बर्षा | पहिरो | चट्याङ्ग | हावाहुरि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| दैलेख | | १५ | | ४ | १ | ६ | १४ | | ४० |
| डोल्पा | | ८ | | २ | | १ | | २ | १३ |
| हुम्ला | | ११ | | | ४ | २ | १ | ३ | २१ |
| जाजरकोट | | १६ | १ | ५ | | ७ | ८ | | ३७ |
| जुम्ला | | ८ | २ | ३ | | | २ | | १५ |
| कालिकोट | | ११ | | १० | | ११ | २ | २ | ३६ |
| मुगु | १ | ५ | | १ | | ४ | | १ | १२ |
| रूकुम पश्चिम | | १३ | १ | ६ | | ४ | ८ | २ | ३४ |
| सल्यान | | २१ | | २ | | २ | २ | १ | २८ |
| सुर्खेत | | ३२ | २ | ११ | १ | | ३ | ३ | ५२ |
| **जम्मा** | १ | १४० | ६ | ४४ | ६ | ३७ | ४० | १४ | २८८ |
| | | | | | | | | | |

*स्रोत: विपद् पोर्टल bipadportal.gov.np)*

## मनसुनजन्य विपद्को प्रभाव र प्रतिकार्य प्रभावकारिताको समीक्षा

नेपालमा २०८० सालमा सरदरको तुलनामा बढी वर्षा भयो र देशभरि नै पहिरोबाट बढी क्षति भयो। तर कर्णाली प्रदेशमा मनसुन लगत्तै असोजको अन्तिम हप्ता अनपेक्षित रूपमा ठूलो वर्षा हुँदा कर्णाली प्रदेशका १० वटै जिल्लामा पाकेको धान बालीमा ठूलो क्षति पुगेको थियो। यसबाट समग्र प्रदेशको १३ प्रतिशतसम्म धान उत्पादनमा क्षति पुगेको अनुमान गरिएको छ। यसले सधैं खाद्य असुरक्षा र खाद्यान्न संकटमा पर्ने कर्णाली प्रदेशमा आउँदो बर्ष खाद्यान्न संकट अझ बढ्न सक्ने जोखिम देखिएको छ ।यसै अनुरूप जल तथा मौसम बिज्ञान कार्यालयबाट सम्प्रेषित सूचना लाई समयमै स्थानीय तहमा सम्प्रेषण गर्ने संरचना बलियो बनाउनुपर्ने छ ।

प्रदेश र जिल्ला तहमा विषयगत क्षेत्र पहिचान गरी गठन गरिएको र कतिपय जिल्लाहरूमा पूर्वतयारी तथा प्रतिकार्य योजना समेत बनेको अवस्थामा सरकारी र साझेदार संस्थाहरूबीच समन्वय र सहकार्यको लागि संयन्त्र पनि तयार भएको छ। तर सबै स्थानीय तहहरूमा विषयगत क्षेत्र गठन नहुँदा र स्थानीय विपद् प्रतिकार्य योजना नबन्दा स्थानीय तहमा प्रतिकार्य सञ्चालन एवम् राहत व्यवस्थापनका लागि समन्वयमा रिक्तता देखिन्छ ।

कर्णाली प्रदेशमा सबै विषयगत क्षेत्र समेटेर अनुमानित परिदृष्यको आधारमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीको शुरुवात गरिएको छ। यस क्रममा ९ वटा विषयगत क्षेत्रहरूको सहभागितामा कार्ययोजनाले तय गरेका पूर्वतयारीका अधिकांश समष्टिगत एवम् क्षेत्रगत क्रियाकलापहरूको कार्यान्वयन त्यति धेरै हुन सकेको देखिँदैन।

प्रदेशका दुर्गम पालिकाहरूमा विपद्को समयमा खोज तथा उद्धार टोली एवम् सहायता सामग्री तत्काल पुर्‍याउन कठिनाई हुने हुनाले सामुदायिक खोज तथा उद्धार टोली तयार गरी आवश्यक सामग्रीहरू; त्रिपाल, ब्लाङ्केट, हाइजिन किट, म्याट्रेस, खाद्यवस्तु र सेल्टर सामग्रीको आवश्यकता पहिचान गरी केही मात्रामा स्थानीय तहमै भण्डारण गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

प्रारम्भिक द्रुत लेखाजोखा तत्काल सञ्चालन गर्न नसक्दा पनि विषयगत क्षेत्रको प्रतिकार्य सञ्चालन शुरू गर्न समस्या हुने गरेको छ । यसको लागि प्रारम्भिक द्रुत लेखाजोखा टोली स्थानीय तहमा नै तयार गरी क्षमता विकास गर्नुपर्ने देखिन्छ ।साथ साथै स्थानीय, जिल्ला र प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रहरूको भूमिकालाई अन्य समयमा भन्दा विपदको बेलामा अर्थपूर्ण बनाउनु पर्ने जरुरी छ ।

## ४. प्रदेश स्तरमा विपद् व्यवस्थापन सम्बन्धी विद्यमान नीतिगत व्यवस्था

- विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन (तेश्रो संशोधन) नियमावली, २०७८
- विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजना २०२२-२०३०
- कर्णाली प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन तथा खर्च कार्यविधि,२०७६
- विपद् जोखिम विरुद्द सामुहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि २०८०
- कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग (पहिलो संशोधन) कार्यविधि,२०७८
- विपद् उद्धार तथा राहत वितरण सम्वन्धी कार्यविधि, २०७९
- क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७६
- कोभिड-१९ बाट मृत्यु भएका मृतकहरूका परिवारलाई राहत वितरण सम्बन्धी कार्यविधि,२०७८
- विपद् उद्धार साहसिक पुरस्कार वितरण कार्यविधि, २०८०
- प्रदेश स्तरीय विपद् पूर्वतयारी र प्रतिकार्य योजना,२०८०
- प्रदेश विपद् प्रतिकार्य कार्यढाचा,२०८०
- जलजन्य प्रकोपको पूर्व सूचना प्रणाली सम्बन्धी रणनीतिक कार्ययोजना तयारी प्रक्रियामा,
- पारिवारिक विपद् सुरक्षा योजना कार्यान्वयनको तयारी,
- व्यवसाय निरन्तरता योजना तयारीको क्रममा

  "कर्णाली प्रदेशको विपद् व्यस्थापन सम्बन्धी निती तथा कार्यक्रम र तथ्याङ्कीय झलक " पुस्तिका प्रकाशन भएको

## ५. नेतृत्व र सह-नेतृत्व गर्ने निकायहरूको मुख्य जिम्मेवारी

कर्णाली प्रदेशमा विपद् व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यको संयोजन मुख्यमन्त्रीको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय लगायत अन्य विषयगत मन्त्रालयहरूले गर्ने गरिएको छ। कर्णाली प्रदेशमा विभिन्न ९ वटा विषयगत क्षेत्र (Cluster) सक्रिय र नियमित सयुंक्त बैठक भइरहेका छन्। जसको नेतृत्व र सह-नेतृत्व गर्ने निकायहरू यस प्रकार रहेका छन्ः-

| क्र.स. | विषयगत क्षेत्र | नेतृत्व | सहनेतृत्व संस्था | गठन |
|---|---|---|---|---|
| १ | खाद्य सुरक्षा (Food Security) | MOLMAC | WFP | २०७७ बैशाख २४ |
| २ | बन्दोबस्ती (Logistic) | MOIAL | WFP | २०७८ बैशाख २१ |
| ३ | संरक्षण (Protection) | MOSD | UNICEF, UNFPA and Save the Children | २०७६ फागुन १० |
| ४ | खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रबर्द्धन (WASH) | MoWRED | UNICEF, KIRDARC, | २०७६ बैशाख |
| ५ | शिक्षा (Education) | MOSD | UNICEF, Save the Children | २०७६ चैत्र २१ |
| ६ | स्वास्थ्य तथा पोषण (Health and Nutrition) | MOSD | WHO/UNICEF | २०७७ बैशाख १३ |
| ७ | शीघ्र पुनर्लाभ (Early Recovery) | MOITFE | UNDP | २०७७ असार १५ |
| ८ | सुरक्षित आश्रय तथा शिविर समन्वय तथा (Camp Co-ordination and Camp Management (CCCM) | MOPIUD | IOM/ Save the Children/NRCS | २०७८ जेठ २८ |
| ९ | खोज तथा उद्धार (Search and Rescue) | MOIAL | Nepal Army, Nepal Police and Armed Police Force | |

## ६. स्थानीय तह देखि केन्द्रसम्मको समन्वय तथा प्रतिकार्य ढाँचा



## ७. आपतकालीन अवस्थामा आधारभूत मानवीय मापदण्ड

मानवीय सेवामा कार्यरत सरकारी र गैह्रसरकारी संस्थाका सदस्यहरूले आधारभूत मानवीय मापदण्डको पालना गर्नुपर्दछ। मानवीय मापदण्डलाई सबै तह संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार, सरकारी संस्था, अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था, विकास साझेदार, निजी संस्था सबैले गुणस्तरीय बनाउनुपर्ने र उक्त कार्यको उत्तरदायित्व लिनुपर्दछ। जसले विपद्बाट प्रभावित समुदायले गुणस्तरीय सेवा तथा राहत समयमै प्राप्त गरी जीवन बचाऊ कार्यमा धेरै सहयोग पुग्दछ। आधारभूत मानवीय मापदण्ड यस प्रकार रहेको छ र मनसुनको प्रतिकार्यको समयमा यसको पालना गरिनेछः-

१. विपद्बाट प्रभावित समुदाय र मानिसहरू आफ्ना आवश्यकतानुसार उपयुक्त र सान्दर्भिक सहयोग प्राप्त गर्ने ।

२. विपद्बाट प्रभावित समुदाय र व्यक्तिहरूको उचित समयमा मानव कल्याणकारी सहयोग प्राप्त गर्ने ।

३. मानव कल्याणकारी कार्यबाट विपद्बाट प्रभावित समुदाय र मानिसहरू नकारात्मक रूपमा प्रभावित हुनु नहुने ।

४. विपद्बाट प्रभावित व्यक्ति र समुदायहरू आफ्नो कानूनी हक-अधिकार जान्दछन्; सूचना तथा आफूलाई प्रभाव पार्ने निर्णय लिने प्रक्रियामा उनीहरूलाई पनि समेट्ने।

५. विपद्बाट प्रभावित व्यक्ति र समुदायहरूमा गुनासाहरूलाई सामना गर्न सुरक्षित र अनुकूल संयन्त्रको पहुँच हुने ।

६. विपद्बाट प्रभावित समुदाय र व्यक्तिहरूले एकमुष्ट र परिपूरक सहयोग पाउनु पर्दछ र विभिन्न संघसंस्थाहरूले यस्तो सहयोग उपलब्ध गराउने ।

७. विपद्बाट प्रभावित समुदाय र व्यक्तिहरू सिकाईबाट परिमार्जित, अनुभवी र दक्ष कार्यकर्ताबाट सहयोग पाउनुपर्ने ।

८. विपद्बाट प्रभावित समुदाय र व्यक्तिहरूले प्रतिस्पर्धात्मक तथा व्यवस्थित कर्मचारी र स्वयंसेवकबाट सहयोग दिने ।

९. विपद्बाट प्रभावित व्यक्ति र समुदायहरूले आफूलाई सहयोग गरिरहेका संस्थाहरूबाट प्राप्त स्रोतको प्रभावकारी प्रयोग भएको र कुशलतापूर्वक नीतिसम्मत व्यवस्थापन गर्ने।

***श्रोतः*** *आधारभूत मानवीय मापदण्ड, आधारभूत मानवीय मापदण्ड एलायन्स, URD समूह र द स्फेयर परियोजना*

**नोटः** यसका साथै मनसुन विपद् प्रतिकार्यको समयमा विपद् प्रभावितहरूको लागि राहत सामग्रीहरू सहयोग गर्दा स्फेयर मापदण्डलाई अधिकतम रूपमा प्रयोग गर्न प्रयास गरिनेछ।

## ८. मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालय तथा मातहतका कार्यालयहरूको जिम्मेवारी

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसबन्धी मुख्य जिम्मेवारी

| पूर्वतयारीका मुख्य क्रियाकलापहरू |
|---|
| • मनसुनजन्य विपद्को जोखिममा भएका स्थानीय तहहरूलाई मनसुन अगावै यस सम्बन्धी पूर्वतयारी, जोखिम न्यूनीकरण तथा प्रतिकार्यको सम्बन्धमा स्थानीय सरकारको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न समन्वय गर्ने ।<br>• मनसुनजन्य जोखिमका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।<br>• स्थानीय तहमा भएका बाढी, डुबान र पहिरोसम्बन्धी पूर्वसूचना प्रणाली चुस्त रूपमा सञ्चालन गर्न सरकारका निकायहरूलाई निर्देशन गर्ने।<br>• विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यको सन्दर्भमा स्थानीय समुदायमा क्रियाशील विकास साझेदार संघसंस्था, गैह्रसरकारी, संघसंस्थाहरूलाई तयारी अवस्थामा रहन तथा सम्बन्धित स्थानीय तहहरूसँग समन्वय र सहकार्यमा आवश्यक क्रियाकलाप अगाडि बढाउने।<br>• विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको लागि स्थानीय विपद् कोष स्थापना र कोषको अभिवृद्धि गर्ने। |
| **प्रतिकार्यका मुख्य क्रियाकलापहरू** |
| • विपद्को समयमा प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रमा कमाण्ड पोष्ट खडा गर्न निर्देशनसहित जिम्मेवारी बहन गर्ने ।<br>• स्थानीय रोजगार/स्वरोजगार र कामका लागि नगद खाद्यान्न कार्यक्रम सञ्चालन गर्ने (जीविको-पार्जन र आयआर्जनका अवसर सृजना गर्ने)।<br>• सामुदायिक, आर्थिक, सामाजिक पूर्वाधारहरूको पुनर्स्थापना गर्ने।<br>• मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा सामाजिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले तोके बमोजिमको कार्य गर्ने गरेको, नगरेको अनुगमन गर्ने। |

# खण्ड खः
# विषयगत क्षेत्रको मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

## १. खोज तथा उद्धार

**नेतृत्व निकायः** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति

**सह नेतृत्वः** नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी

**सदस्यहरूः** नेपाल रेडक्रस सोसाइटी

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको भूमिका तथा जिम्मेवारीः

| पूर्वतयारीका क्रियाकलापहरू |
|---|
| • समग्र प्रदेशको विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सबै सरोकारवाला निकायसँग समन्वय गरी नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।<br>• प्रारम्भिक द्रुत लेखाजोखा कार्यदललाई तालिम दिने, परिचालनको लागि तयार पर्ने ।<br>• प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र (Provincial Emergency Operations Centre) लाई २४सै घण्टा सञ्चालनमा राख्ने ।<br>• स्वयम्सेवकको रोस्टर तयार पर्ने (cadre, first aid, CSAR, प्रारम्भिक द्रुत लेखाजोखा, EWS)<br>• जनचेतनाका कार्यक्रम सचालन गर्ने र सन्देश प्रवाह गर्ने ।<br>• प्रदेशको विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र र स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गर्ने र संचार संयन्त्र तयार गर्ने ।<br>• मनसुन पूर्वतयारी र प्रतिकार्यमा लागि प्रदेशभित्र बिषयगत क्षेत्र, सरोकारवाला निकाय र संघसंस्थासँग समन्वय गर्ने।<br>• स्थानीय, जिल्ला तथा प्रदेश स्तरमा भण्डार गृहहरू तयार गरी आवश्यक खोज, उद्धार तथा राहतका सामाग्रीहरू भण्डार गर्न निर्देशन दिने। आधारभूत मानवीय मापदण्ड र स्फेयर मापदण्डको बारेमा सबै सरोकारवालालाई तालिम दिने।<br>• आपतकालीन अवस्थामा विपद् प्रभावितको लागि अस्थायी आश्रय गृह निर्माण गर्ने गराउने ।<br>• प्रदेश स्तरको विपद् व्यवस्थापन सूचना प्रणाली र पूर्वचेतावनी प्रणालीको विकास, सञ्चालन गर्ने गराउने<br>• मनसुनको आपतकालीन अवस्थाका लागि बिषयगत समूह तथा विमानस्थल लगायतका सरोकारवालालाई |

तयारी अवस्थामा रहन निर्देशन दिने ।

- विस्थापितका लागि ७ दिनसम्म खाद्यान्न, सरसफाई र अस्थायी आवास तथा औषधोपचार मिलाउने।
- स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना भएमा कार्यसञ्चालन गर्ने र नियमित रूपमा प्रतिवेदन एवं अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने ।
- विपद्को समयमा प्रयोग गर्नुपर्ने सरसामानहरू जस्तैः लाइफ भेष्ट, डुङ्गा, आपतकालीन स्वास्थ्य सामग्री लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्ने ।

**प्रतिकार्यका क्रियाकलापहरू**

- सम्पूर्ण सरोकारवाला निकाय तथा प्रदेशका बिषयगत क्षेत्रसँग समन्वय र सहकार्य गरी तत्काल प्रतिकार्यका क्रियाकलाप अघि बढाउने।
- प्रारम्भिक द्रुत लेखाजोखा कार्यदललाई परिचालन गर्ने (स्थानीय प्रहरी, स्थानीय तह र नेरेसो)
- जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी मौसमको बारेमा निरन्तर जानकारी लिने।
- प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको आपतकालीन बैठक बस्ने।
- विपद्को घटना हुनासाथ विपद्को प्रकृति हेरी प्रदेश स्तरको सुरक्षा निकायलाई परिचालन हुन निर्देशन दिने।
- प्राथमिक उपचार कार्यदललाई परिचालन गर्ने
- खोज उद्धार तथा राहतमा प्रभावकारिता ल्याउन सरोकारवालाहरूसँग समन्वय गर्ने।
- विपद्को यर्थाथ सूचना तथा उद्धार प्रयासको जानकारी सार्वजनिक रूपमा प्रवाह गर्ने।
- विपद्को समयमा सुरक्षा निकाय, अन्तर्राष्ट्रिय गैह्सरकारी संस्था, विकास साझेदारसँग समन्वय गर्ने।
- आधारभूत मानवीय मापदण्ड र स्फेयर मापदण्डको पालना भए नभएको अनुगमन गर्ने।
- असुरक्षित स्थानमा भएका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने गराउने।
- विपद्को समयमा गरिएका खोज उद्धार तथा राहत कार्यसम्बन्धी विवरण प्राधिकरणमा पठाउने।
- विपद् प्रभावित क्षेत्रमा संकटग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने भएमा नेपाल सरकार समक्ष सिफरिश गर्ने ।
- मनसुन प्रणाली निस्कृय भएपछि यस वर्षका विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित भए/गरेका कार्यहरूको समीक्षा, अनुकरणीय कार्य मूल्याङ्कन (Best practice) र आवश्यक पृष्ठपोषण (Feedback) सहितको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गरी अभिलेख राख्ने/राख्न लगाउने।
- विपद्मा परी हराएका, विग्रेका/नष्ट भएका कागजातहरूको यकीन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने।

## नेपाली सेना भूमिका तथा जिम्मेवारीः

**पूर्वतयारीका क्रियाकलापहरू**

| |
|---|
| • नेपाली सेना मातहत जिल्लामा तैनाथ युनिटमा, सिनियर अधिकृतलाई विपद् सम्पर्क व्यक्ति तोक्ने ।<br>• विपद् पूर्वतयारीका लागि आवश्यक सामग्री तथा औजारको व्यवस्था मिलाउने ।<br>• सम्भावित विपद्को प्रकृति अनुरूप तैनाथ फौजलाई श्रोत, साधन, सीपयुक्त बनाउने।<br>• प्राकृतिक जोखिमको अनुगमन विश्लेषण गरी सर्वसाधारण प्रयोगकर्ताका लागि उपयुक्त हुने खालका जानकारीमूलक विपद् व्यवस्थापन सम्बन्धी सूचना सामाजिक सञ्जालमा राख्ने ।<br>• विपद्का घट्नाबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरूसँग समन्वय गरी पूर्वतयारी गर्ने ।<br>• खोज तथा उद्धार कार्यको लागि आवश्यक दक्ष जनशक्ति स्वास्थ्यकर्मी तथा सामाग्रीहरू तयारी हालतमा राख्ने ।<br>• हेलिकप्टहरूलाई असार दोस्रो साताभित्र, श्री पश्चिम एयर वेश सुर्खेत खोज तथा उद्धार टोलीसहित तयारी अवस्थामा राख्ने। |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • जल तथा मौसम विज्ञान विभागको जल तथा मौसम सम्बन्धी जानकारीमा सूचित भइराख्ने ।<br>• प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग नियमित समन्वय र सूचना प्रवाह गर्ने ।<br>• जल तथा मौसम विज्ञान विभागको मौसम सम्बन्धी जानकारी अनुसार शतर्कता तह पार गरेमा आवश्यक फौजलाई तयारी अवस्थामा राख्न लगाउने ।<br>• विपद्को घटना हुनासाथ जिल्ला स्तरमा रहेका फौजलाई खोज तथा उद्धारमा परिचालन हुन निर्देशन दिने ।<br>• आवश्यकता अनुसार जनशक्ति, हेलीकप्टरको सेवा तथा श्रोतसाधनहरू जिल्लालाई प्रदेशबाट उपलब्ध गराउने ।<br>• घाइतेहरूको प्राथमिक उपचार गर्न घटनास्थलमा उपचारको व्यवस्था मिलाउने र सिकिस्त बिरामीलाई तत्काल अस्पताल पुर्‍याउने व्यवस्था गर्ने ।<br>• सेनासँग रहेका संचार सामाग्रीहरूको प्रयोग गरी विपद्को अवस्थाको सूचना लिने ।<br>• शव व्यवस्थापन गर्ने स्थानको पहिचान गर्ने र शव व्यवस्थापन गर्ने।<br>• नेपाल प्रहरी, सशस्त्र प्रहरी, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने। |

## नेपाल प्रहरी भूमिका तथा जिम्मेवारीः

| |
|---|
| **पूर्वतयारीका मुख्य क्रियाकलापहरूः** |

| |
|---|
| • प्रकोपजन्य घटनाहरूको सूचना सङ्कलनका लागि सम्पर्क व्यक्ति (Focal person) तोक्ने, तालिम दिने आवश्यक दक्ष जनशक्तिहरू तयार हालतमा राख्ने जनशक्तिलाई उपलब्ध उद्धार सामग्रीहरू तथा व्यक्तिगत सुरक्षा सामग्री सम्बन्धी प्रशिक्षण दिने ।<br>• प्रदेशभित्र रहेका सरकारी/गैह्रसरकारी निकायहरूको विवरण र स्थानीय तहमा वडा स्तरसम्म जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरूको नाम, सम्पर्क नम्बर सङ्कलन तथा अद्यावधिक गर्ने ।<br>• सम्भावित क्षति न्यूनीकरण गर्न आवश्यक सवारी साधन औजार, उपकरण तथा उद्धार सामग्री सहितको दक्ष तालिम प्राप्त जनशक्ति तयारी हालतमा राख्ने ।<br>• सरोकारवाला निकायहरूसँगको समन्वयमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने प्रदेश, जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग निरन्तर सञ्चार र समन्वय गर्ने ।<br>• कन्टिजेन्सी योजना तयार गरी उद्धार टोलीलाई समय समयमा ड्रिल/सिमुलेसन गराउने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • जल तथा मौसम विज्ञान विभागको मौसम सम्बन्धी जानकारीमा सूचित भइराख्ने ।<br>• प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रसँग नियमित समन्वय र सूचना प्रवाह गर्ने ।<br>• जल तथा मौसम पूर्वानुमान विभागको मौसम सम्बन्धी जानकारी अनुसार खतराको स्थिति पार गरेमा प्रदेश, जिल्ला तथा स्थानीय स्तरका प्रहरीलाई तयारी अवस्थामा राख्न लगाउने ।<br>• विपद्को घटना हुनासाथ जिल्ला स्तरका जिल्ला तथा स्थानीय स्तरका प्रहरीलाई खोज तथा उद्धारमा परिचालन हुन निर्देशन दिने ।<br>• आवश्यकता अनुसार जनशक्ति तथा श्रोतसाधनहरू जिल्लालाई प्रदेशबाट उपलब्ध गराउने ।<br>• घाइते तथा उद्धारको प्राथमिक उपचार गर्ने र सिकिस्त बिरामीलाई तत्काल अस्पताल पुर्‍याउने व्यवस्था मिलाउने ।<br>• प्रहरीसँग रहेका संचार सामाग्रीहरूको प्रयोग गरी विपद्को अवस्थाको सूचना लिने ।<br>• खोज तथा उद्धारमा परिचालन हुने जवानहरूले सुरक्षाका उपायहरू अपानाउने ।<br>• घटनास्थल तथा शिविरहरूमा भीड व्यवस्थापन गर्ने ।<br>• नेपाली सेना, सशस्त्र प्रहरी, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने । |

## सशस्त्र प्रहरी भूमिका तथा जिम्मेवारीः

| पूर्वतयारीका मुख्य क्रियाकलापहरूः |
|---|
| • विपद् व्यवस्थापन तालिम निरन्तर रूपमा सञ्चालन गर्ने।<br>• सशस्त्र प्रहरी बलका सबै कार्यालयहरूमा खोज तथा उद्धारका आधारभूत उपकरणहरूसहित उद्धार टोली तयारी अवस्थामा तैनाथि अवस्थामा राख्ने ।<br>• उपलब्ध विपद् उद्धारका आधुनिक सामाग्रीहरूको प्रदेशगत रूपमा प्रदेश स्तरीय विपद् उद्धार टोलीले प्रयोग गर्ने गरी तयारी हालतमा राख्ने।<br>• सशस्त्र प्रहरी बलका विभिन्न इकाईहरूमा गैह्रखाद्य राहत सामाग्रीहरू, लत्ताकपडा, पाल, त्रिपाल, कम्वल, जस्तापाता आदि भण्डारण गर्ने ।<br>• विपद् व्यवस्थापन सम्बन्धी तालिम प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरूलाई समय-समयमा खोज तथा उद्धार सम्बन्धी अनुशिक्षण तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>• मनसुनको समयमा हुन सक्ने सम्भावित विपद्को प्रभावकारी कार्य सम्पादनको लागि सरोकारवाला निकायहरूबीच समन्वय गर्ने ।<br>• प्रादेशिक आपतकालीन कार्य सञ्चालन केन्द्रहरू तथा जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रहरूमा आवश्यकता अनुसार संचार तालिम प्राप्त जनशक्तिहरू परिचालन गर्ने।<br>• नेपाल एपिएफ अस्पतालमा विपद्को समयमा घाईतेहरूको प्रभावकारी उपचार व्यवस्था मिलाउन विभिन्न पूर्वतयारीका कार्यक्रमहरूसहित आवश्यक तयारी गर्ने।<br>• विपद् उद्धार टोली लगायत सम्पूर्ण सशस्त्र प्रहरी बल, नेपालका ईकाइहरूले मनसुन शुरु हुनुपूर्व आफ्नो जिम्मेवारी इलाकामा स्थानीय प्रशासन लगायत विभिन्न सरोकारवाला निकायसँग समन्वय गरी कार्य गर्ने ।<br>• सशस्त्र प्रहरी बलका विभिन्न युनिटहरूमा रहेका हेभि ईक्वीप्मेन्टहरू तयारी हालतमा राख्ने।<br>• उद्धार सामाग्रीहरूको खरिद गरी आवश्यक स्थानहरूमा पठाउन तयार गर्ने । |
| **प्रतिकार्यका मुख्य क्रियाकलापहरूः** |
| • जल तथा मौसम विज्ञान विभागको मौसम सम्बन्धी जानकारीमा सूचित भइराख्ने<br>• जल तथा मौसम विज्ञान विभागको मौसम सम्बन्धी जानकारी अनुसार खतराको स्थिति पार गरेमा प्रदेश, जिल्ला तथा स्थानीय स्तरका सशस्त्र प्रहरीलाई तयारी अवस्थामा राख्न लगाउने ।<br>• विपद्को घटना हुना साथ जिल्ला स्तरमा रहेका जिल्ला तथा स्थानीय स्तरका सशस्त्र प्रहरीलाई खोज तथा उद्धारमा परिचालन हुन निर्देशन दिने।<br>• आवश्यकता अनुसार जनशक्ति तथा श्रोतसाधनहरू जिल्लालाई प्रदेशबाट उपलब्ध गराउने<br>• घाइते तथा उद्धारको प्राथमिक उपचार गर्ने र सिकिस्त बिरामीलाई तत्काल अस्पताल पुर्‍याउने व्यवस्था मिलाउने ।<br>• प्रहरीसँग रहेका संचार सामाग्रीहरूको प्रयोग गरी विपद्को अवस्थाको सूचना लिने ।<br>• घटनास्थल तथा शिविरहरूमा भीड व्यवस्थापन गर्ने ।<br>• नेपाली सेना, नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने । |

## प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र भूमिका तथा जिम्मेवारीः

| पूर्वतयारीका मुख्य क्रियाकलापहरूः |
|---|
| • आपतकालीन कार्य सञ्चालन केन्द्रको लागि आवश्यक पर्ने श्रोत सामाग्रीहरू, संचारका सामाग्रीहरूको व्यवस्थापन गर्ने।<br>• विपद् व्यवस्थापन शाखाको प्रत्यक्ष निगरानीमा रही राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र र स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रसँग आवश्यक समन्वय र सहकार्य गर्ने।<br>• द्रुत प्रारम्भिक लेखाजोखा र बहुविषयगत क्षेत्र प्रारम्भिक लेखाजोखाको लागि आवश्यक दक्ष जनशक्ति र फारामहरू तयारी अवस्थामा राख्ने।<br>• सूचना व्यवस्थापन गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने।<br>• विपद् प्रतिकार्यमा आवश्यक पर्ने श्रोत साधनको बारेमा प्रदेश विपद् व्यवस्थापन समितिमा जानकारी गराउने।<br>• पूर्व सूचना प्रणालीको संरचना तयार गर्ने र सबै सरोकारवालालाई सूचित गर्ने। |
| **प्रतिकार्यका मुख्य क्रियाकलापहरूः** |
| • मनसुन अवधिभर २४सै घण्टा आपतकालीन कार्य सञ्चालन केन्द्र पूर्णरूपमा सञ्चालनमा राख्ने र जिम्मेवारी तोक्ने<br>• जिल्ला तथा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय र सम्पर्क गर्ने<br>• जल तथा मौसम विज्ञान विभागको मौसम सम्बन्धी जानकारी निरन्तर लिइरहने<br>• प्रदेशको रेडियो, जिल्ला, स्थानीय तह र सुरक्षा निकायको रेडियोसँग सम्पर्कमा रहने<br>• विपद् भएमा तुरुन्त क्षतिको प्रारम्भिक द्रुत प्रारम्भिक लेखाजोखा गर्ने<br>• गलत सूचना प्रवाह हुन नदिन नियन्त्रण गर्न एक आधिकारिक व्यक्ति तोक्ने<br>• सूचना प्राप्त भएपछि त्यसको विश्लेषण गरी सम्बन्धित निकायमा पठाउने<br>• विपद् प्रतिकार्यमा आवश्यक पर्ने श्रोत साधन वितरणमा सहजीकरण गर्ने |

## जिल्ला प्रशासन कार्यालयहरूको भूमिका तथा जिम्मेवारीहरूः

| पूर्वतयारीका मुख्य क्रियाकलापहरूः |
|---|
| • विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने।<br>• आवश्यकतानुसार गृह मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग समन्वय गर्ने।<br>• प्रारम्भिक द्रुत लेखाजोखा प्रारम्भिक लेखाजोखा कार्यदललाई तालिम दिने, परिचालनको लागि तयार पार्ने।<br>• कम्तिमा ५० जना उद्धारकर्मी परिचालन गर्न आवश्यक पर्ने खोज तथा उद्धार सामग्री तयारी अवस्थामा राख्ने। |

| |
|---|
| • आवश्यकता अनुसार पर्याप्त मात्रामा गैह्रखाद्य सामग्रीको सेट तयार गरी मौज्दात राख्ने।<br>• राहत मापदण्डले तोकेको न्यूनतम रकम जिल्ला विपद् व्यवस्थापन कोषमा रकमको प्रबन्ध गर्ने ।<br>• सबै विषयगत क्षेत्रका नेतृत्व र सहनेतृत्व (cluster lead and co-lead) लाई तयारी अवस्थामा रहन लगाउने।<br>• पूर्व चेतावनी प्रणालीको स्थापना गर्ने र तयारी अवस्थामा रहन निर्देशन दिने।<br>• अस्थायी आश्रय स्थलहरू निर्माण गर्ने र गर्न लगाउने। |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बोलाउने ।<br>• नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई मौसमको खतराको सूचना अनुसार तयारी अवस्थामा रहन निर्देशन दिने ।<br>• विपद्को घटना हुनासाथ जिल्ला स्तरमा रहेका नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई खोज तथा उद्धारमा परिचालन हुन निर्देशन दिने।<br>• आवश्यकता अनुसार खोज तथा उद्धारका सामाग्रीहरू अपुग भएमा प्रदेशसँग समन्वय गरी सहयोगका लागि अनुरोध गर्ने।<br>• आवश्यकता अनुसार गृह मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग समन्वय गर्ने।<br>• एकद्वार प्रणालीको आधारमा राहतका सामाग्रीहरू र नगद वितरण गर्ने।<br>• क्षतिको प्रारम्भिक लेखाजोखा गरी शीघ्र प्रतिकार्य योजना तयार गर्ने ।<br>• प्राथमिक उपचार टोलीलाई परिचालन गर्ने<br>• विपद्को समयमा मृत्यु भएका मानिस तथा जनावरको शव व्यवस्थापन गर्ने गराउने ।<br>• आपतकालीन अवस्थामा विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय स्थलको व्यवस्था गर्ने।<br>• पूर्व चेतावनी प्रणाली अनुसार बाढी तथा पहिरोको जोखिममा रहेको समुदायहरूमा निरन्तर सूचना प्रवाह गर्ने। |

## स्थानीय तहहरूको भूमिका तथा जिम्मेवारीः

| **पूर्वतयारीका क्रियाकलापहरू** |
|---|
| • विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने ।<br>• खोज तथा उद्धार र राहत सामाग्रीहरूको भण्डारण गर्ने ।<br>• बाढी तथा पहिरो र वर्षाको जोखिम क्षेत्रमा पूर्व सूचना प्रणाली स्थापना गर्ने ।<br>• संघ, प्रदेश र स्थानीय समुदायसँग समन्वय गर्ने ।<br>• वडा र समुदाय स्तरमा खोज तथा उद्धारका लागि आवश्यक तालिम दिई जनशक्ति तयारी अवस्थामा राख्ने र खोज तथा उद्धार टोली (इरा, प्राथमिक उपचार, क्याड्रे) गठन गर्ने ।<br>• विपद् व्यवस्थापन कोष स्थापना गर्ने ।<br>• आपतकालीन हेलिकप्टर सेवाका लागि प्रत्येक वडामा हेलिप्याडको व्यवस्था मिलाउने । |

| |
|---|
| • आपतकालीन आश्रय स्थल, खुला क्षेत्रको पहिचान गरी राख्ने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • स्थानीय विपद् व्यवस्थापन समितिको आपतकालीन बैठक बस्ने।<br>• प्रारम्भिक द्रुत लेखाजोखा प्रारम्भिक द्रुत लेखाजोखा कार्यदललाई परिचालन गर्ने।<br>• पूर्वसूचना प्रणाली अनुसार वर्षा, बाढी तथा पहिरोको अवस्था बारे जानकार हुने ।<br>• विपद्को घटना हुनासाथ प्रहरी, सशस्त्र प्रहरीसँग समन्वय गरी खोज तथा उद्धारमा परिचालन हुन सहजीकरण गर्ने ।<br>• समुदाय स्तरका खोज तथा उद्धार टोलीलाई सुरक्षा निकाय आउनुभन्दा अगावै खोज उद्धारमा परिचालन हुन आव्हान गर्ने । |

## खोज तथा उद्धार बिषयगत क्षेत्रको मनसुन पूर्वतयारी प्रतिकार्य योजनाः

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| **मनसुन पूर्वतयारी क्रियाकलापहरू** | | | | | |
| | प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द । (Provincial Emergency Operations Centre) लाई २४सै घण्टा सञ्चालनमा राख्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी, नेपाल रेडक्रस, सोसाईटी | निरन्तर | |
| | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र र स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गर्ने र संचार संयन्त्र तयार गर्ने र सञ्चालन गर्ने | जिल्ला प्रशासन कार्यालय र स्थानीय तह | | निरन्तर | |
| | प्रारम्भिक द्रुत लेखाजोखा कार्यदललाई तालिम दिने, परिचालनको लागि तयार पर्ने | जिल्ला प्रशासन कार्यालय र स्थानीय तह | नेपाल रेडक्रस | निरन्तर | |
| | मनसुन पूर्वतयारी र प्रतिकार्यमा लागि प्रदेशभित्र सरोकारवाला निकाय र संघसंस्थासँग समन्वय गर्ने, ढाँचा तयार गर्ने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाली सेना नेपाल प्रहरी सशस्त्र प्रहरी नेपाल रेडक्रस लगायत विकास साभेदार संस्था | जेष्ठ महिना भित्र | |
| | वडा र समुदाय स्तरमा खोज तथा उद्धारका लागि आवश्यक तालिम दिई जनशक्ति तयारी | जिल्ला प्रशासन कार्यालय र स्थानीय तह | नेपाल रेडक्रस र साभेदार संस्था | मनसुन सक्रीय हुनु पूर्व | |

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | अवस्थामा राख्ने र खोज तथा उद्धार टोली (इरा, प्राथमिक उपचार, क्याड्रे) गठन गर्ने । | | | | |
| | WFP's remote-sensing based on 72 hours assessment प्रविधि प्रयोग गरी द्रुत मनसुन प्रकोप प्रभाव मूल्याङ्कन गर्ने र खाद्य सहायताको आवश्यकतामा रहेका जनसङ्ख्याको अनुमान गर्ने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | विश्व खाद्य कार्यक्रम, खाद्य तथा कृषि संगठन, सेभ द चिल्ड्रेन, किर्डार्क | प्रकोपको ७२ घण्टा भित्र | Remote-sensing and machine-learning मा आधारित 72-hour rapid assessment and remote vulnerability assessment (mVAM) को कार्यविधि (SoP) र सो को लागि दक्ष जनशक्ति रहेको । |
| | स्थानीय, जिल्ला तथा प्रदेश स्तरमा भण्डार गृहहरू तयार गरी आवश्यक खोज, उद्धार तथा राहतका सामाग्रीहरू भण्डार गर्न निर्देशन दिने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला प्रशासन कार्यालयहरू | मनसुन सक्रीय हुनु पूर्व | |
| | आधारभूत मानवीय मापदण्ड र स्फेयर मापदण्डको बारेमा सबै सरोकारवालालाई तालिम दिने | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाली सेना नेपाल प्रहरी सशस्त्र प्रहरी नेपाल रेडक्रस सहित विकास साझेदार संस्था | चैत्र महिनाभित्र | |
| | आपतकालीन अवस्थामा विपद् प्रभावितको लागि अस्थायी आश्रय गृह छनौट तथा निर्माण र पशुहरूको लागि पशु गृह व्यवस्थापन गर्ने गराउने। | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तह | सबै सरोकारवाला निकाय | जेष्ठ मसान्त भित्र | |
| | प्रदेश स्तरको विपद् व्यवस्थापन सूचना प्रणाली र पूर्व चेतावनी प्रणालीको विकास, सञ्चालन गर्ने गराउने | प्रदेश, जिल्ला तथा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान कार्यालय, संचार माध्यम हरू, लगायत सबै सरोकारवाला | निरन्तर | |

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | निकाय | | |
| | मनसुनको आपतकालीन अवस्थाका लागि विमानस्थललाई तयारी अवस्थामा रहन निर्देशन दिने | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नागरिक उड्डयन प्राधिकरण र नेपाली सेना | - | |
| | खोज तथा उद्धारको गर्न आवश्यक पूर्वतयारीको लागि जनशक्ति उद्धार सामाग्रीहरूको तत्काल परिचालन हुने गरी तयारी हालतमा राख्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत र सुरक्षा निकायहरू | रेडक्रस, स्थानीय निकायहरू र स्वयंसेवकहरू | मनसुन सुरु हुनु पूर्व | |
| | खोज तथा उद्धारकर्ताहरूको क्षमता अभिवृद्धि र समन्वयात्मक रूपमा खोज तथा उद्धार कार्य गर्न सेमुलेसन अभ्यास | आन्तरिक मामिला तथा कानून मन्त्रालय जिल्ला प्रशासन कार्यालय लगायत र सुरक्षा निकायहरू | बिकास साझेदार संस्थाहरू | हरेक त्रैमासीक रूपमा | |
| | जोखिम क्षेत्रभित्रका बासिन्दाहरूलाई सचेतनामूलक कार्यक्रम सञ्चालन | जिल्ला प्रशासन कार्यालय स्थानीय तहहरू | सुरक्षा निकायहरू, रेडक्रस लगायत स्थानीय संघसंस्थाहरू | मनसुन पूर्व | |
| **मनसुन प्रतिकार्यका क्रियाकलापहरू** | | | | | |
| | जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी मौसमको बारेमा निरन्तर जानकारी लिने थप क्षति हुन नदिने | NDRRMA, PEOC, DEOC, LEOC, | जल तथा मौसम कार्यालय | निरन्तर | |
| | इरा कार्यदललाई परिचालन गरी क्षतिको जानकारी लिने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | नेपाल पुलिस, रेडक्रस लगायत स्थानीय निकाय | | |
| | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको आपतकालीन बैठक बस्ने | | सुरक्षा निकायहरू, रेडक्रस लगायत स्थानीय संघसंस्थाहरू | - | |
| | विपद्को घटना हुनासाथ विपद्को प्रकृति हेरी प्रदेश | आन्तरिक मामिला तथा कानून | - | - | |

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | स्तरको सुरक्षा निकायलाई परिचालन गर्ने | मन्त्रालय, जिल्ला प्रशासन कार्यालय | | | |
| | खोज उद्धार तथा राहतमा प्रभावकारिता ल्याउन सरोकारवालाहरूसँग समन्वय गर्ने | प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति | संघसंस्थाहरू | घटना हुने वित्तिकै र निरन्तर | |
| | आधारभूत मानवीय मापदण्ड र स्फेयर मापदण्डको पालना भए नभएको अनुगमन गर्ने | जिल्ला प्रशासन | | | |
| | विपद्को यर्थाथ सूचना तथा उद्धार प्रयासको जानकारी सार्वजनिक रूपमा प्रवाह गर्ने | जिल्ला प्रशासन कार्यालय | विभिन्न संचार माध्यम | निरन्तर | |
| | असुरक्षित स्थानमा भएका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने गराउने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तह | आन्तरिक मामिला तथा कानून मन्त्रालय र अन्य सरोकारवाला निकायहरू | घटना पश्चात तत्काल | |
| | विपद्को समयमा गरिएका खोज उद्धार तथा राहत कार्य सम्बन्धी विवरण प्राधिकरणमा पठाउने | PEOC, DEOC, LEOC | | निरन्तर | |
| | विपद् प्रभावित क्षेत्रमा संकटग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने भएमा नेपाल सरकार समक्ष सिफारिश गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | | आवश्यकता अनुसार | |

## २. बन्दोबस्ती कलष्टर

**नेतृत्व निकायः आन्तरिक मामिला तथा कानून मन्त्रालय**

**सहनेतृत्वः** विश्व खाद्य कार्यक्रम

**सदस्यहरूः** नेपाली सेना, प्रदेश खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, नागरिक उड्डयन प्राधिकरण, यूनिसेफ, नेपाल रेडक्रस सोसाईटी, सेभ द चिल्ड्रेन, प्लान

इन्टरनेशनल, सुर्खेत उद्योग वाणिज्य संघ, ढुवानी व्यवसायी संघ, पत्रकार महासंघ, नागरिक उड्डयन प्राधिकरण।

**लक्षित जनसंख्याः** ५०,४६४ (११,५४८ घरधुरी)

**अनुमानित आवश्याक स्रोतः** ने.रू. ५,५०,००,०००

**पूर्वतयारीका क्रियाकलापहरू**

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन्दोवस्ती बिषयगत क्षेत्रमा सक्रिय निकायहरूको विवरण अद्यावधिक गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम तथा अन्य कलष्टर सदस्य संघ सँस्थाहरु | असार मसान्तसम्म | |
| २ | प्रदेश तथा जिल्लाहरूमा भएका गोदामहरूको नक्शांकन गर्ने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम, नेपाली सेना, नेपाल रेडक्रस सोसाईटी, सेभ द चिल्ड्रेन, प्रदेश खाद्य व्यवस्था तथा व्यापार कम्पनी, सुर्खेत उद्योग वाणिज्य संघ | जेष्ठ मसान्तसम्म | |

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| ३ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि आवश्यक नीतिमापदण्ड ,नियम ,रणनीति , बनाउने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू र विकास साझेदारहरु | निरन्तर | |
| ४ | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि भएका सम्पूर्ण कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने । | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | प्रदेशमा रहेका मन्त्रालय , आपतकालीन कार्यसञ्चालन केन्द्रहरु, स्थानीय तहरु, सहयोगि निकायहरु | निरन्तर | |
| ४ | मनसुनजन्य विपद्को जोखिममा भएका स्थानीय तहहरूलाई मनसुन अगावै यस सम्बन्धी पूर्वतयारी तथा जोखिम न्यूनीकरणको सम्बन्धमा अपनाउन सकिने उपायहरूका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिबृद्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरूलाई अनुरोध गर्ने। | स्थानीय तह | स्थानीय तहमा कार्यरत साझेदार निकाय तथा स्थानीय तहमा क्रियाशील सामुदायिक संस्थाहरू । | निरन्तर | |

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| ५ | स्थानीय तहमा भएका पूर्वसूचना प्रणालीलाई चुस्त दुरुस्त अवस्थामा राख्नको लागि स्थानीय तहहरूलाई अनुरोध गर्ने र सो अनुसारको व्यवस्था मिलाउने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | जिल्ला विपद् व्यवस्थापन समितिहरुसहयोगि , संस्थाहरु | मनसुन अवधिभर | |
| ६ | मनसुनजन्य विपद्को गम्भिरताको आधारमा औषधि, स्वास्थ्य उपकरण तथा ब्यक्तिगत सुरक्षा सामाग्रीहरुको व्यवस्थापन तथा ढुवानीको प्रबन्ध गर्ने | प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र, स्वास्थ्य कार्यालय, स्थानीय तह | सहयोगि संघ संस्थाहरु | असार-असोज | |
| ७ | प्रदेश स्तरीय गोदाम घरको निर्माण तथा ब्यवस्थापनमा आवश्यक समन्वय गरी तत्काल प्रयोगमा ल्याउने अवस्थामा राख्ने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाली सेना, विश्व खाद्य कार्यक्रम, प्रदेश खाद्य व्यवस्था तथा व्यापार कम्पनी,<br>नेपाल रेडक्रस सोसाईटी | निरन्तर | |
| ८ | विपद् उद्धार तथा प्रतिकार्यका लागि अत्यावश्यक वस्तुहरूको सूची तयार गरी अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम, नेपाली सेना, नेपाल रेडक्रस सोसाईटी, प्रदेश खाद्य व्यवस्था तथा व्यापार | नरन्तर | |

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | कम्पनी, सुर्खेत उद्योग वाणिज्य संघ | | |
| ९ | आगामि आर्थिक वर्षको मनसुन प्रतिकार्यका लागि प्रदेश सरकारबाट बजेट विनियोजन गर्न अनुरोध गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश खाद्य व्यवस्था तथा व्यापार कम्पनी, विश्व खाद्य कार्यक्रम | निरन्तर | |
| १० | स्थानीय तथा जिल्ला स्तरमा भएका यातायातका साधनहरू, डोजर, एक्साभेटर तयारी अवस्थामा राख्न लगाउने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय सरकार | निरन्तर | |
| ११ | हेलिकप्टर सेवा दिने संस्थाहरूसँग आपतकालीन अवस्थामा परिचालित हुनुपूर्व सम्झौता गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम | निरन्तर | |
| १२ | ढुवानी सेवा दिने संस्थाहरूसँग आपतकालीन अवस्थामा परिचालित हुनुपूर्व सम्झौता गर्ने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम | निरन्तर | |
| १३ | प्रत्येक वडाहरूमा हेलिप्याड बनाउन सहजीकरण र सहयोग गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गाउँपालिका नगरपालिका महासंघ, विश्व खाद्य कार्यक्रम | निरन्तर | |
| १४ | अस्थायी पुलका सामाग्रीहरू भण्डारण गर्ने र गर्न लगाउने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय सरकार, विकास साझेदार संघ सँस्थाहरु | निरन्तर | |

**प्रतिकार्यका क्रियाकलापहरू:**

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | विभिन्न साझेदार निकायबाट प्राप्त हुने एवं भएका स्वास्थ्य, खाद्यान्न लगायतका राहत सामग्रीको सूची अद्यावधिक गर्ने र विपद् प्रभावित क्षेत्रमा तत्काल पठाउने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाली सेना, प्रदेश खाद्य व्यवस्था तथा व्यापार कम्पनी, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विश्व खाद्य कार्यक्रम | नियमित | |
| २ | विभिन्न साझेदार निकायबाट प्राप्त भएको स्वास्थ्य, खाद्यन्न लगायतका राहत सामग्री भण्डारण एवं सम्बन्धित प्रभावित स्थानसम्म ढुवानी गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम | नियमित | |
| ३ | प्रतिकार्यका लागि आवश्यक उद्धार तथा राहत सामग्री भण्डारण सेवा प्रादेशिक मानवीय सहायता स्थल (Province Humanitarian Staging Area) मा उपलब्ध गराउने र सहायता स्थलको व्यवस्थापन गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम | नियमित | |
| ४ | मानवीय सहायता स्थलले सेवा उपलब्ध गर्न नसक्ने स्थानमा भण्डारणको व्यवस्था मिलाउने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम | नियमित | |

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| ५ | उद्धार तथा राहात सामाग्रीको ढुवानीको लागि स्थलमार्ग, हवाई उडान तथा भरिया र खच्चडहरूको प्रयोग गर्ने व्यवस्था मिलाउने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम | नियमित | |
| ६ | प्रादेशिक मानवीय सहायता स्थल मार्फत भण्डारण तथा ढुवानी हुने सामाग्रीको विवरणको ट्र्याकिङ्ग विश्व खाद्य कार्यक्रम मार्फत विकास गरिएको The Relief Item Tracking Application (RITA), web- based software application को प्रयोग गरिनेछ। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम | नियमित | |
| ७ | पुल बिग्रेको अवस्थामा अस्थायी पुलको माध्यमबाट ढुवानी सेवालाई सहज बनाउने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम | नियमित | |
| ८ | बिग्रेका सडकहरू पुनः निर्माण गरी सडक यातायात सुचारु गर्न सडक विभाग तथा भौतिक पूर्वाधार विकास मन्त्रालयसँग समन्वय गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम, नेपाली सेना | नियमित | |
| ९ | मानवीय सेवामा कार्यरत व्यक्तिहरूलाई व्यक्तिगत सुरक्षाका उपायहरूमा तालिम र सामग्री वितरण गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व खाद्य कार्यक्रम | नियमित | |

## स्रोत, साधन, सामग्री तथा जनशक्तिको विवरण

### विपद् प्रतिकार्यका लागि उपलब्ध उपकरण तथा सामग्रीहरूको विवरण

| क. सं. | उपकरण/सामग्री रहेको कार्यालय/स्थान | उपकरण/ सामग्रीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मानवीय सहायता स्थल, सुर्खेत | मोबाइल स्टोरेज युनिट(३२x१०sqmt)<br>२० फीट कन्टेनर<br>प्रीफ्याब अफिस<br>इन्धन भण्डारण क्षमता<br>फोर्कलिफ्ट (३ मेट्रिक टन क्षमता)<br>जेनेरेटर (८ र १६ kVA)<br>अन्य विभिन्न वन्दोबस्ती सामग्रीहरू | ४ वटा<br>७ वटा<br>४ वटा<br>२ वटा<br>७,५०० लि.<br>१ वटा<br>१ वटा | (वन्दोबस्ती सामग्रीहरूका सूची विश्व खाद्य कार्यक्रमलाई अनुरोध गरेमा उपलब्ध गराइने छ।) |
| २ | मानवीय सहायता स्थल, जुम्ला | मोबाइल स्टोरेज युनिट (२४x१०sqmt)<br>२० फीट कन्टेनर<br>प्रीफ्याब अफिस<br>इन्धन भण्डारण क्षमता<br>जेनेरेटर (८ र १६ kVA)<br>अन्य विभिन्न वन्दोबस्ती सामग्रीहरू | २ वटा<br><br>४ वटा<br>२ वटा<br>७५००लि.<br>१ वटा | (बन्दोबस्ती सामग्रीहरूका सूची विश्व खाद्य कार्यक्रमलाई अनुरोध गरेमा उपलब्ध गराइने छ) |

## ३. खानेपानी, सरसफाई तथा स्वच्छता

**नेतृत्व निकायः** जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

**सह नेतृत्वः** यूनिसेफ/किर्डाक नेपाल

**लक्षित जनसंख्याः** ५०,४६४

**अनुमानित आवश्याक स्रोतः** ने.रू. १,५०,००,०००

**मनसुनको प्रतिकार्य रणनीति**

- सम्भावित हुनसक्ने घटनाहरुबाट सुरक्षित रहनको लागि पुर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार गर्ने तथा आवश्यक जनशक्ती र आपतकालिन सामाग्रीहरु तयारी अवस्थामा राख्न योजना तर्जुमा गर्ने ।
- आवश्यक सहकार्य तथा समन्वयनको लागि प्रभावकारी संयन्त्र बनाउने ।
- प्रभावकारी प्रतिकार्यका लागि प्रत्येक स्थानिय तहले वास क्षेत्रको दक्ष जनशक्ती तयार गर्ने र
- खानेपानी, सरसफाई तथा स्वच्छता (वास) सम्बन्धी राहत सामग्रीहरुलाई भण्डारण तथा ब्यवस्थापन गर्ने ।
- सङ्कटासन्नता पानीका मुहान तथा भौतिक संरचनाहरुको पहिचान र नक्शांकन गरि संरक्षण गर्ने ।
- जिल्ला तथा पालिका स्तरमा जोखिमको नक्शांकन गरी संरक्षण गर्ने ।
- IEC सामाग्रीहरु तयार गरी विभिन्न माध्यम (सडक नाटक, टेलीभिजन, रेडीयो, पम्पलेटहरु) बाट वास सम्बन्धी सचेतना फैलाउने ।
- जलवायु परिवर्तन सामना गर्न निति बनाई विपद् उत्थानशिल खासस्व संरचना निर्माणमा सहजीकरण गर्ने ।
- उच्च प्रभावित पालिकाहरुको पहिचान तथा सुरक्षित स्थानहरुमा छनोटगरि प्रयोगकर्ता मैत्री वास सुविधा र सामाग्रीको ब्यवस्थापन गर्ने ।
- राहात सामाग्रिको सजिलै विपद् प्रभावित क्षेत्रमा पुर्याउनका लागि यातायात ब्यबसायी तथा खानेपानी आपुर्तिका लागि ट्याङ्कर ब्यवसायिहरुसंग सम्झौता तथा क्षमता विकास गर्ने ।
- विपदमा वास सेवा सम्बन्धी विद्यालय तथा समुदाय स्तरमा ब्यापक जानकारी गराउने ।
- प्रदेश तथा स्थानीय तहहरुले वास क्षेत्रको पुर्व तयारी विपद् प्रतिकार्य कोष स्थापना र वास क्षेत्रको विपद् कोष परिचालन सम्बन्धी कार्यविधि तथा अधिकार प्रत्योजन गर्न जोड गर्ने ।
- खानेपानीको गुणस्तर मापन गरि सचेतना अभिबृदि गर्ने ।
- बिपदको तथ्यांक नियमित अध्यावधिक गर्ने ।

## वास क्षेत्रको प्रतिकार्य योजना

| सि. नं. | क्रियाकलाप | स्थान | नेतृत्व गर्ने निकाय | सहयोगि निकायाहरू | बजेट रू. (हजार) |
|---|---|---|---|---|---|
| | **समयअवधि ; ०-७२ घण्टा** | | | | |
| १ | प्रकोपको प्रारम्भिक अवस्थाको जानकारी लिई प्रतिवेदन तयार गर्ने । | प्रभावित क्षेत्रहरू | प्रदेशस्तरीय वाश क्लस्टर लिड तथा को-लिड | वास क्लस्टर का सदस्यहरू | २० |
| २ | प्रदेश स्तरीय वास क्लष्टरको बैठक तथा नियमित समन्वय गर्ने | ,, | ,, | ,, | २०० |
| ३ | प्रकोप प्रभावित जिल्ला तथा स्थानीय तहको वास समन्वय समितिहरूको बैठक तथा सहजीकरण | ,, | जिल्ला, स्थानीय तह स्तरीय वास समन्वय समिति | ,, | २०० |
| ४ | वास सम्बन्धी सचेतनामुलक सूचना सम्प्रषण गर्ने | ,, | प्रदेश स्तरीय वाश क्लस्टर लिड तथा को-लिड | ,, | १०० |
| ५ | मौज्दात वास सम्बन्धी राहत सामाग्रीहरूको विवरण एकिन गर्ने | ,, | ,, | ,, | १० |
| ६ | तालिम प्राप्त वास स्वंमसेवकहरूसंग समन्वय तथा परिचालन गर्ने, | ,, | ,, | ,, | १००० |
| ७ | प्रारम्भिक द्रुत लेखाजोखाका लागि समन्वय गर्ने | ,, | जिल्ला, स्थानीय तह स्तरीय वास समन्वय समिति | ,, | ५० |
| ८ | अत्यावश्यक राहत सामाग्री प्रभावित क्षेत्रमा ढुवानी गर्ने | ,, | प्रदेश, जिल्ला, स्थानीय वास समन्वय समिति | ,, | २००० |
| | **समयअवधि ; ७२ घण्टा-२ हप्ता** | | | | |
| १ | प्रदेश स्तरीय वास क्लष्टरको बैठक तथा नियमित समन्वय (आवश्यकता अनुसार) | ,, | प्रदेश स्तरीय वाश क्लस्टर लिड तथा को-लिड | ,, | ५० |
| २ | प्रकोप प्रभावित जिल्ला तथा स्थानीय तहको वास समन्वय समितिहरूको बैठक तथा | ,, | ,, | ,, | ५० |

| सि. नं. | क्रियाकलाप | स्थान | नेतृत्व गर्ने निकाय | सहयोगि निकायाहरू | बजेट रू. (हजार) |
|---|---|---|---|---|---|
| | सहजीकरण (आवश्यकता अनुसार) | | | | |
| ३ | वास प्रर्वद्धन गर्न तालिम प्राप्त वास स्वंमसेवकहरू परिचालन गर्ने, | ,, | ,, | ,, | १०० |
| ४ | खानेपानी सरसफाई तथा स्वच्छता आनिबानी परिवर्तन सम्बन्धी रेडियो जिङ्गलहरू प्रसारण गर्ने | ,, | ,, | ,, | ५० |
| ५ | प्रारम्भिक द्रुत लेखाजोखा तथा यसको प्रतिवेदन तयारी | ,, | ,, | ,, | |
| ६ | प्रारम्भिक द्रुत लेखाजोखाको प्रतिवेदन अनुसार प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयनका लागि समन्वय गर्ने । | ,, | ,, | ,, | १००० |
| ७ | अत्य आवश्यक राहत सामाग्री प्रभावित क्षेत्रमा ढुवानी तथा वितरण व्यवस्था गर्ने | ,, | ,, | ,, | २००० |
| ८ | प्रभावित क्षेत्रमा खानेपानी शुद्धीकरण तथा खानेपानीको आपूर्ति व्यवस्था गर्ने | ,, | ,, | ,, | २००० |
| ९ | खानेपानी सुरक्षा योजनाको प्रभावकारी कार्यन्वयन तथा खानेपानीको आपूर्ति व्यवस्था गर्ने अल्पकालीन कार्यदल तथा समितिहरूको व्यवस्था | ,, | ,, | ,, | २००० |
| १० | प्रभावित क्षेत्रमा ईमरजेन्सी शौचालय निर्माण तथा व्यवस्थाका लागि समन्वय गर्ने | ,, | ,, | ,, | २००० |
| ११ | थप राहात सामाग्री खरिद तथा ढुवानीका लागि LTA क्रियाशिलता गर्ने । | ,, | ,, | ,, | ५००० |
| १२ | अन्तर कलस्टर समन्वय बैठक आवस्यकता पहिचानका आधारमा थप प्रतिकार्य योजना | ,, | ,, | ,, | |

| सि. नं. | क्रियाकलाप | स्थान | नेतृत्व गर्ने निकाय | सहयोगि निकायाहरू | बजेट रू. (हजार) |
|---|---|---|---|---|---|
| | निर्माण गर्ने । | | | | |
| | **समयअवधि; २ हप्ता-४ हप्ता** | | ,, | | |
| १ | प्रदेश, जिल्ला तथा स्थानीय तहको वास क्लष्टरको बैठक तथा नियमित समन्वय (आवश्यकता अनुसार) | ,, | ,, | ,, | ५० |
| २ | वास प्रर्वद्धन गर्न तालिम प्राप्त वास स्वंमसेवकहरू परिचालन गर्ने | ,, | ,, | ,, | |
| ३ | प्रतिकार्य योजना अनुसार राहत सामाग्री प्रभावित क्षेत्रमा ढुवानी तथा वितरण व्यवस्था गर्ने | ,, | ,, | ,, | ० |
| ४ | प्रभावित क्षेत्रमा खानेपानी आपूर्ति व्यवस्थाका लागि खानेपानी प्रर्णलीको मर्मत, सुधार, खानेपानी शुद्धीकरण गर्ने | ,, | ,, | ,, | ० |
| ५ | प्रभावित क्षेत्रमा मापदण्ड अनुसारका ईमरजेन्सी शौचालय निर्माण तथा व्यवस्था गर्ने | ,, | ,, | ,, | ० |
| ६ | प्रतिकार्य योजना अनुसार थप राहात सामाग्री खरिद तथा ढुवानीको व्यवस्था गर्ने । | ,, | ,, | ,, | ० |
| | **समयअवधि; १ महिना-३ महिना** | | | | |
| १ | क्याम्प, शेल्टर तथा समुदायमा नियमित रूपमा वास प्रर्वद्धन गर्ने | ,, | प्रदेश स्तरीय वास क्लस्टर | ,, | ३००० |
| २ | प्रतिकार्यको संयुक्त अनुगमन तथा समीक्षा गर्ने, | ,, | ,, | ,, | ५० |
| ३ | आवश्यकता अनुसार वास सुबिधाको सुधार तथा विस्तार गर्ने | ,, | ,, | ,, | १०० |
| ४ | खानेपनि सरसफाई स्वच्छता सम्बन्धी भौतिक संरचना मर्मत निर्माण | ,, | ,, | ,, | ५००० |

| सि. नं. | क्रियाकलाप | स्थान | नेतृत्व गर्ने निकाय | सहयोगि निकायाहरू | बजेट रू. (हजार) |
|---|---|---|---|---|---|
| ५ | प्रभावित क्षेत्र र समुदायमा ठोस फोहोर व्यवस्थापन गर्ने | ,, | ,, | ,, | ५०० |
| ६ | पुनर्निर्माणका कार्यका लागि आवश्यक कार्य गर्ने | ,, | ,, | ,, | ६००० |
| | **कुल जम्मा लागत रू.** | | | | **३२५३०** |

*नोटः विस्तृत विवरणको लागि खानेपानी, सरसफाई र स्वच्छता क्षेत्रको कन्टीजेन्सी प्लान हेर्न अनुरोध।*

## ४. खाद्य सुरक्षा

**नेतृत्व निकायः** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**सह नेतृत्वः** विश्व खाद्य कार्यक्रम (WFP)

**सदस्यहरूः** प्रदेश योजना आयोग, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, उद्योग बाणिज्य संघ, यूएनडीपि, हेल्भेटास, लिबर्ड, साहस नेपाल, प्लान इन्टरनेशनल, सेभ द चिल्ड्रेन, नेपाल रेडक्रस सोसाइटी, जिआइजेट, PMAMP, ASDP, FMTC, CCI, NCCSP

**अनुमानित केसलोड (Projected Caseload):**

- बाढी र पहिरोबाट प्रभावित हुन सक्ने २०८१ को अनुमानित केसलोड अनुसारः ५०,४६४ (११,५४८ घरधुरी)।
- जीवन बचाउने खाद्य सहायताको लागि अनुमानित जनसंख्याः विगतको बाढी तथा पहिरो बाट खाद्य सहायताको आवश्यकतामा रहेको जनसंख्या अनुपातको आधारमा २०८१ कर्णाली प्रदेशको हकमा प्रभावित हुन सक्ने ५०,४६४ (११,५४८ घरधुरी)
- अनुमानित आवश्यक स्रोतः ने.रू. १७,३२,२०,०००

**<u>विस्तृत कलष्टरको प्रतिकार्य योजना सारांशः</u>**

### १. विपद् प्रतिकार्यका लागि पूर्वतयारीका गतिविधिहरू (Preparedness Activities):

- प्रतिकार्य कार्यान्वयन गर्ने साझेदार संस्थाहरू, खाद्य आपूर्तिकर्ताहरू र कृषि बीउविजन र पशु आहारा आपूर्तिकर्तासँग सम्झौता, समझदारी, वार्तालाप र खरिद सम्बन्धि पूर्वतयारीका कार्यहरू गर्ने ।
- नगद प्रदान/हस्तान्तरण कार्यक्रम कार्यान्वयनको लागि वित्तिय सेवा प्रदायकहरूसँग सम्झौता, समझदारी कायम गर्ने ।
- बजार क्रियाशिलता, बजार मूल्य, स्थानीय बजारमा खाद्यान्नको उपलब्धता र आपूर्ति श्रृङ्खला सम्बन्धी विभिन्न अध्ययन, सर्वेक्षण गरी सूचना तथा जानकारी अद्यावधिक गर्ने ।

## २. मनसुन पूर्वानुमानमा आधारित जोखिम न्यूनीकरणका लागि पूर्वप्रतिकार्य (Forecast based Anticipatory Early Action);

मनसुनजन्य विपद्बाट हुन सक्न जोखिम न्यूनीकरणको लक्ष्य राख्दै पहिले नै सम्भावित बाढी वा पहिरोबाट हुन सक्ने ठूलो परिमाणको मानवीय तथा भौतिक क्षति रोक्न तथा कम गर्न, सुख्खा खडेरीको उचित व्यवस्थापन, मौसम पूर्वानुमानका आधारमा कृषि खेती प्रणाली गर्न नेपालमा पूर्वानुमानमा आधारित पूर्व प्रतिकार्य (Anticipatory Action) लाई निरन्तरता दिने योजना रहेको छ। यस अन्तर्गत विभिन्न विकास साझेदार संघ सँस्थाहरुले Department of Hydrology and Meteorology तथा अन्य Regional Forecasting Agencies ले उपलब्ध गराउने Early Warning and Rainfall Forecasting Information को आधारमा बर्षा, बाढी तथा पहिरोको पूर्वानुमानको आधारमा अनुमानित caseload बमोजिम तत्काल गुजाराको लागि बहुउद्देशीय नगद सहायता प्रदान गर्न सकिनेछ। हरेक हप्ता नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी हुने कृषि-मौसम सल्लाह बुलेटिनमार्फत आगामी साताको मौसम जानकारीका साथै सो अवधिमा गर्न सकिने कृषि तथा पशुपन्छीसँग सम्बन्धित गतिविधिबारे जानकारी दिने प्रकृयालाई प्रदेश, स्थानीय तह र समुदाय स्तर सम्म पुरयाउने कार्यलाई निरन्तरता दिइनेछ ।

३. विपद् प्रतिकार्यका गतिविधिहरु (Preparedness Activities):

- पहिलो चरणः पहिलो महिना- विपद् पश्चात यदि बजारहरु तत्काल क्रियाशिल/सञ्चालन रहेको भए लक्षित जनसंख्यालाई १ महिनाको लागि निशर्त बहुउद्देशीय नगद सहायता र यदि बजारहरु क्रियाशिल/सञ्चालन नरहेको भएमा शुरुवाती १० दिनको लागि खाद्यान्न सहायता र पुनः क्रियाशिल/सञ्चालन भएमा २० दिनको लागि नगद सहायता (बहुउद्देशीय नगदको रुपमा सामाजिक सहायता वितरण) साथै पशु उपचार र मृत पशुपन्छीको व्यवस्थापन ।
- दोस्रो चरणः एक महिना पछि- खाद्य सुरक्षा, जीविकोपार्जन र कृषि पुनः प्राप्तिका लागि कामका लागि नगद (Cash for work/assets), नगद र भाउचर सहायता (Cash and Voucher Assistance) गतिविधिहरु, बालीको मौसम अनुसार बाली बीउ वितरण (धान, तरकारी, मकै, आदि) र खाद्यान्न बालीको सुरक्षित भण्डारणमा सहयोग ।

४. तात्कालिक प्रतिकार्य योजनाको लागि श्रोतसाधनको आँकलनः

- जम्मा ५०,४६४ मानिस ११,५४८ घरधुरीको लागि १ महिनाको खाद्य सहायता उपलब्ध गराउन आवश्यक पर्ने बजेटः १७ करोड ३२ लाख २० हजार रुपैंया ।
- विपद्को घोषणा भई सरकारद्धारा अन्तराष्ट्रिय सहायताको लागि आव्हान गरेको खण्डमा खाद्य सुरक्षा क्लष्टरका केही सदस्य संस्थाहरुले आपत्कालिन कोषवाट तत्काल परिचालन गर्न सक्ने रकम (खाद्य व्यवस्था तथा व्यापार कम्पनीसँग मौज्दातामा रहेको खाद्यान्न तथा सरकारको विभिन्न तहमा रहेका विपद् व्यवस्थापन कोषमा रहेको रकम वाहेक) २.५ मिलियन अमेरिकी डलर
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय र भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत यस प्रदेशमा बाली तथा पशुपन्छी बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने तथा कृषकलाई संभावित विपदको जोखिमबाट हुन सक्ने असर

कम गर्न बीमाको कार्यलाई थप विस्तार गर्ने तथा बिमा सम्बन्धित अभिमुखिकरण तालिम दिने ।

- भूमि ब्यवस्था,कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत जिल्ला स्थित कृषि विकास कार्यालय र पशु अस्पताल तथा पशुसेवा कार्यालयमा राहतको लागि केहि बजेट विनियोजन भएको।

**प्रतिकार्य गतिविधिहरु कार्यान्वयन व्यवस्था (Response activities implementation arrangement):**

खाद्यान्न सहयोग सबैभन्दा बढी प्रभावमा पर्न सक्ने (Anticipatory Action), प्रभावित र खाद्य असुरक्षित भौगोलिक क्षेत्रमा रहेका सबैभन्दा कमजोर र खाद्यान्न असुरक्षित परिवारहरुमा लक्षित हुनेछ । ती परिवारहरु स्थानीय विपद् व्यवस्थापन समिति/स्थानीय सरकारले निम्न मापदण्डको प्रयोग गरी पहिचान गर्ने छन्: विस्थापित, सामाजिक र आर्थिक रुपबाट सीमान्तकृत (दलित, मुस्लिम, जनजाति, आदि), भूमिहीन, सबैभन्दा गरीब, एकल महिला नेतृत्वको घरपरिवार र अपाङ्गता भएका परिवार, दीर्घरोग जस्तै एच.आई.भी एड्स, क्षयरोग र अन्य दीर्घकालीन रोगहरु र नियमित औषधी उपचार आवश्यकता पर्ने वृद्ध, गर्भवती र सुत्केरी महिला र कुपोषित बच्चाहरु आदी सदस्य रहेको परिवार। खाद्य सुरक्षा क्लस्टर सदस्य अथवा तिनका कार्यान्वयन गर्ने साझेदारहरुको प्राविधिक सहयोगमा लाभग्राहीको पहिचान, उनीहरुको सूची तयारी गर्ने र सो को स्वीकृति गर्ने काम सम्बन्धित स्थानीय सरकारले गर्नेछ । स्थानीय विपद् व्यवस्थापन समिति/स्थानीय सरकारले अनुमोदन गरेको लाभग्राहीहरुको सूचीको आधारमा खाद्य/नगद सहायता प्रदान गरिनेछ । विभिन्न स्थानीय सरकारबाट प्राप्त सोही लाभग्राहीहरुको सूची र भौगोलिक क्षेत्रको जानकारी जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) लाई गराईनेछ र खाद्य सुरक्षा क्लस्टर सदस्यहरुले विपद प्रतिकार्यमा खाद्य सहायताको लाभग्राहीहरु दोहोरिन नदिन DDMC सँग नियमित समन्वय गर्नेछन् ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३९ को उपदफा (१) बमोजिम नेपाल सरकारद्धारा जारी विपद् पीडित उद्धार र राहत सम्बन्धि (सातौं संशोधन) मापदण्ड, २०७७ ले विपद्बाट घर, बहाल, आवास नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई यथाशिघ्र प्रति परिवार ५ जनासम्म सदस्य भएको परिवार भए रु १५,००० र ५ जना भन्दा बढी सदस्य भएको परिवार भए रु २०,००० का दरले तत्कालै नगद सहायता प्रदान गर्ने व्यवस्था गरेको र मानवीय संस्थाहरुले नगद सहायता प्रदान गर्दा पनि नगद सहायता रकममा एकरुपता ल्याउन नगद समन्वय समूह (Cash Coordination Group) ले पनि यही मापदण्डको सेरोफेरोमा रहेर प्रभावित परिवारको आधारभूत खाद्य तथा गैर खाद्य आवश्यकता पूर्तिको लागि Minimum Expenditure Basket (MEB) and the multi-purpose cash transfer value तय गरेको छ । तसर्थ, खाद्य सुरक्षा क्लष्टरले नेपाल सरकारद्धारा जारी विपद् राहत सम्बन्धि मापदण्ड, २०७७ ले निर्धारण गरेबमोजिमको रकमलाई आधार मानेर सम्बन्धित जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय तह/स्थानीय विपद व्यवस्थापन समितिसँगको समन्वय र सहकार्यमा प्रस्तावित नगद सहायता प्रदान गर्नेछ । कामको लागि नगद (cash for work/asset programme) सञ्चालन गर्दा जिल्ला तथा स्थानीय दररेट/ज्याला दरलाई आधार मानेर नेपाल सरकारको रोजगारी सिर्जना गर्ने खालका सामाजिक सुरक्षाका कार्यक्रमहरुसँग तादाम्यता र परिपूरकता (alignment and complementarity) कायम गर्दै सम्बन्धित स्थानीय तहसँगको समन्वय र सहकार्यमा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरि स्थानीय भौतिक पूर्वाधार निर्माणका योजनाहरुको छनौट गरिनेछ र कामको लागि नगद कार्यक्रम सञ्चालन गरि खाद्य सुरक्षा तथा जीविकोपार्जन पुनरुत्थानमा सहयोग गरिनेछ ।

वस्तुगत खाद्यान्न सहायता प्रदान गर्दा स्थानीय बजारमा सहजै उपलब्ध हुने र सामान्यतया सबैले दैनिक उपभोग गर्ने खाद्य सामग्रीहरु समेटिने छ । SPHERE standards बमोजिम minimum २,१०० kcal/person/day, को सुनिश्चितता

हुनेगरि खाद्यान्न सहायता प्रदान गर्नुपरेमा तपशिल बमोजिमको खाद्य सामग्रीहरु समेटिनेछ जुन २,१५२ kcl/person/day बराबर रहेको छ ।

- चामलः ४०० ग्राम/व्यक्ति/दिन
- दालः १२० ग्राम/व्यक्ति/दिन
- खानेतेलः ३४ मिलिलिटर/व्यक्ति/दिन
- नुनः ५ ग्राम/व्यक्ति/दिन

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले उपलब्ध गराएको विवरण अनुसार कम्पनीसँग कर्णाली प्रदेशका विभिन्न डिपोहरुमा २,३०७९ क्वीन्टल चामल मौज्दात रहेको छ। ४०० ग्राम/व्यक्ति/दिन चामलको आवश्यकता अनुसार प्रति घरपरिवारलाई ५ जना सदस्यको दरले १५ दिनको लागि ११,५४८ घरपरिवारलाई हिसाब गर्दा ३,४६४ क्वीन्टल चामलको आवश्यकता पर्दछ ।

## मनसुन पूर्वतयारी तथा प्रतिकार्य क्रियाकलापहरूः

### 1. पूर्वतयारीका क्रियाकलापहरू

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | खाद्य सुरक्षा क्लष्टरमा संलग्न विकास साझेदार संघसंस्थाहरूसँगको बैठकबाट कार्ययोजना स्वीकृत र पुर्व तयारीका बैठकहरू । | भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | विश्व खाद्य कार्यक्रम, कृषि विकास निर्देशनालय र अन्य निकायहरू | निरन्तर | |
| २ | खाद्य सुरक्षा क्लष्टरमा संलग्न विकास साझेदार संघ संस्थाहरूसँगको stock को रेकर्ड | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग पर्यटन वन तथा | विश्व खाद्य कार्यक्रम, सेभ द चिल्ड्रेन, | निरन्तर | आपत्कालीन प्रतिकार्यका लागि विश्व खाद्य कार्यक्रम र खाद्य |

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | अद्यावधिक गर्ने। | वातावरण मन्त्रालय | | | व्यवस्था तथा व्यापार कम्पनी बिच १,००० मे.ट. चामल र २०० मे.ट. दालको तत्काल खरिद गर्नको लागि द्विपक्षीय सम्झौता रहेको छ । |
| ३ | Ready to eat food को व्यवस्थापन मिलाउने | **MoITFE, MoLMAC, LGs** | विश्व खाद्य कार्यक्रम, सेभ द चिल्ड्रेन लगाएत विकास साझेदार संघ सँस्थाहरु | निरन्तर | नेपालगञ्ज र सुर्खेत स्थित गोदाममा २४ मे.ट. २४ मे. ट. BP-5 (high energy biscuits) मौज्दात रहेको । |
| ४ | FSC को Contingency Plan बनाउने/अध्यावधिक गर्ने। | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | विश्व खाद्य कार्यक्रम | असार १५ भित्र | |
| ५ | पशुपन्छीका विभिन्न रोग तथा महामारीका विरुद्ध भ्याक्सिन लगाउने । | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | स्थानीय तह पशु सेवा शाखा | निरन्तर | |
| ६ | विभिन्न मौसमजन्य प्रकोपको पूर्वसूचनालाई प्रभावकारी बनाउन जनता | DHM तथा नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि | विकास साझेदार र स्थानीय | निरन्तर | |

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| | तथा सरोकारवालालाई जागरुक गर्ने खालका कार्यक्रम गर्ने । | वातावरण अनुसन्धान केन्द्रको समन्वयमा भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | तहहरु | | |
| ७ | पशुपन्छीका लागि विपद्को समयमा आवश्यक दाना तथा चारो भण्डारण गर्ने र वितरण प्रणालीको विकास गर्ने । | स्थानीय तह | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | निरन्तर | |
| ८ | कृषकहरूको जोखिम न्यूनीकरण र अनुकूलन क्षमता बढाउने तथा बाली तथा पशुपन्छी विमाको प्रिमियममा टप अप सहित कृषकहरूलाई यस तर्फ बढी आकर्षित गर्ने पशुपन्छी विमा र बिमा सम्बन्धित अभिमुखिकरण तालिम दिने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | स्थानीय तह, विश्व खाद्य कार्यक्रम, बीमा कम्पनी, बीमा प्राधिकरण, सेभ द चिल्ड्रेन | जेठ तेस्रो हप्तासम्म साथै निरन्तर रुपमा | |
| ९ | विपद्मा परेका पशु चौपायहरूको उद्दारको लागि Rescue Vehicles को व्यवस्था गर्ने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | स्थानीय तह, | नियमित | |
| १० | खाद्य र गैह्रखाद्य | भूमि व्यवस्था, कृषि | स्थानीय तह, | नियमित | |

| क. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | आपूर्तिकर्तासँग विपद्को समयमा खाद्य र गैह्रखाद्य सामाग्रीहरू उपलब्ध गराउन विषयगत क्षेत्रले अग्रिम संझौता गर्ने । | तथा सहकारी मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय | उद्योग वाणिज्य संघ, | | |
| ११ | विपदमा खाद्यान्नको सुनिश्चित गर्न खाद्य बैंक (Food Bank) को स्थापना गर्ने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | स्थानीय तह, विश्व खाद्य कार्यक्रम, रेड क्रस | नियमित | |

2. **प्रतिकार्यका क्रियाकलापहरू**

| क स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | WFP's remote-sensing based 72 hours assessment प्रविधि प्रयोग गरी द्रुत मनसुन प्रकोप प्रभाव मुल्यांकन गर्ने र खाद्य सहायताको आवश्यकतामा रहेका जनसंख्याको अनुमान गर्ने | भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, | WFP लगायत अन्य साझेदार निकायहरू | प्रकोपको ७२ घण्टा भित्र | Remote-sensing and machine-learning मा आधारित 72-hour rapid assessment and remote vulnerability assessment (VAM) को कार्यविधी (SoP) र सो को लागि |

| क्र स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | दक्ष जनशक्ति रहेको । |
| २ | Ready to eat food (चिउरा, लिटोको पिठो High Energy Biscuit, आदि) को वितरण र यदि विपद् लगत्तै बजारहरू क्रियाशिल/ सञ्चालनमा रहेको भए १ महिनाको लागि लक्षित जनसंख्याको लागि निशर्त बहुउद्देशीय नगद सहायता र यदि बजारहरू क्रियाशिल/सञ्चालनमा नरहेको भएमा सुरूवाती १० दिनको लागि खाद्यान्न सहायता र २० दिनको लागि नगद सहायता (बहुउद्देशीय नगदको रूपमा सामाजिक सहायता वितरण) । विशेष आवश्यक्ता भएका व्यक्तिहरूलाई मध्यनजरमा राखी सकेसम्म पोषिलो खानाको व्यवस्था गरिने । | MoITFE, MoLMAC | संघिय सरकार सँगको समन्वयमा खाद्य सुरक्षा क्लष्टर सदस्य संस्थाहरू, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र विश्व खाद्य कार्यक्रम लगायत अन्य निकायहरू | | |
| ३ | **खाद्य सुरक्षा, जीविकोपार्जन र कृषि पुनः प्राप्तिका लागि कामका लागि नगद (cash for work/assets) गतिविधिहरू, बालीको मौसम अनुसार बाली बीउ, वेर्ना, माछाको भुरा वितरण (धान, तरकारी, मकै, आदि) र खाद्यान्न र बालीको** | सम्वन्धित संघिय मन्त्रालयको समन्वयमा, प्रदेश सरकार, WFP, **Save the children,** FAO तथा खाद्य सुरक्षा | खाद्य सुरक्षा क्लष्टर सदस्य संस्थाहरू | २—४ महिना | |

| क्र स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | **सुरक्षित भण्डारणमा सहयोग साथै यदि पानी कम परि सुख्खा खडेरी भई खाद्य असुरक्षाको अवस्था सिर्जना भएमा खाद्य सुरक्षा, जीविकोपार्जन र कृषि पुनः प्रासिका लागि गतिविधिहरू सञ्चालन गर्ने ।** | क्लष्टर सदस्य संस्थाहरू | | | |
| ४ | **खाद्य तथा पोषण सुरक्षाका लागि निशर्त नगद सहायता कार्यक्रम गर्ने ।** | सम्बन्धित स्थानीय पालिका र विश्व खाद्य कार्यक्रम | अन्य साझेदार संघ सँस्थाहरु | आवश्यकता अनुसार | |
| ५ | **पोषण सुरक्षाका लागि ६ देखी २३ महिना सम्मका बालबालिका, गर्भवति, सुत्केरी तथा स्तनपान गराउने महिलाका लागि नगद सहायता कार्यक्रम ।** | सम्बन्धित स्थानीय पालिका र विश्व खाद्य कार्यक्रम | अन्य साझेदार संघ सँस्थाहरु | आवश्यकता अनुसार | |
| ६ | **खाद्यान्न र तरकारी बालीको बिउको आपुर्तीको व्यवस्था मिलाउनको लागि आवश्यक समन्वय गर्ने ।** | भूमि व्यवस्था, कृषि तथा ससकारी मन्त्रालय ⁄कृषि विकास कार्यलय र स्थानीय तहहरू | खाद्य सुरक्षा क्लष्टर सदस्य संस्थाहरू | निरन्तर | |
| ७ | **घाइते पशुपन्छीको उपचार ।** | भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय | स्थानीय तहहरू | निरन्तर | |
| ८ | **मृत पशुपन्छीको व्यवस्थापन** | स्थानीय तहहरू | भूमि व्यवस्था, कृषि तथा ससकारी मन्त्रालय | निरन्तर | |

| क्र स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| ९ | **पशु आहाराको व्यवस्थापन** | स्थानीय तहहरू | भूमि व्यवस्था, कृषि तथा ससकारी मन्त्रालय | निरन्तर | |
| १० | **आकस्मिक विपद्का कारण क्षति पुगेका कृषकहरूलाई राहत उपलब्ध गराउने** | स्थानीय तहहरु | भूमि व्यवस्था, कृषि तथा ससकारी मन्त्रालय | निरन्तर | |

*नोटः विस्तृत विवरणको लागि खाद्य सुरक्षा क्षेत्रको हेर्न अनुरोध।*

**प्रदेश जिल्ला तथा पालिका स्तरमा खाद्यान्न संचिती विवरण (क्वीन्टलमा)**

| प्रदेश, जिल्ला तथा पालिका स्तरमा | जम्मा खाद्यान्न मौज्दात क्वीन्टलमा |
|---|---|
| प्रादेशिक कार्यालय, सुर्खेत | ७५८१।४६ |
| रुकुम पश्चिम | ४६८।०० |
| दैलेख | ११३०।०१ |
| जाजरकोट | ७२४।७१ |
| नायकवाडा | ७५।८० |
| घोगी | ३७२।६९ |
| चौखा | १७४।६२ |
| दशेरा | ७९।७५ |
| नलगाँड | ०।०० |
| जुनी चाँदे | ०।०० |
| टापुचौर वि.के. | ७९।७५ |
| घरंगा कुशे वि.के. | ०।०० |
| रजुतारा वि.के. | २३०।७५ |

| | |
|---|---|
| काउले बि.के.<br>तागाँ वि.के. | ०।००<br>०।०० |
| जुम्ला | २०६।६३ |
| हुम्ला | ६४५०।१३ |
| डि.पो.सर्केगाड | २१०।२५ |
| डि.पो.श्रीनगर | २३९।६५ |
| मुगु | ११२४।५५ |
| डिपो श्रीकोट | ९७।७५ |
| डिपो सोरुकोट | १।०० |
| डोल्पा | १५४९।२५ |
| सर्मी | ११५।६० |
| जुफाल | ११६६।१५ |
| साल्दाङ्ग | ०।०० |
| काईगाउ | ०।०० |
| कालिकोट | ९३४।९३ |
| थिर्पु<br>**जम्मा** | १०२।७१<br>**२३०७९।१४** |

श्रोत -खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, कर्णाली प्रदेश कार्यालय,सुर्खेत

## ५. शीघ्र पुनर्लाभ

**नेतृत्व निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**सह नेतृत्वः** संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, नेपाल

**सदस्यहरू :** उद्योग बाणिज्य संघ/चेम्वर अफ कमर्श/तयार परियोजना

**लक्षित जनसंख्याः** ५०४६५

**आवश्यक स्रोतः** ९३५३८८००० (प्रति घरघुरी प्रत्येक महिना आवश्यक खर्च बराबर रू.१३,५०० का दरले) ६ महिनाको प्रभावित घरघुरी ११५४८ को लागि अनुमानित बजेट (minimum expenditure basket calculator) ।

**शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको भूमिका र जिम्मेवारीहरूः**

| **पूर्वतयारीका क्रियाकलापहरू** |
|---|
| • अनुदान तथा ऋण वितरण गर्न छलफल तथा सम्झौता गर्ने<br>• सीपमूलक तालिम सञ्चालन गर्ने संस्थाहरू पहिचान र सम्झौता गर्ने<br>• कृषि, पशु तथा मानिसको बीमा गर्ने कार्यमा प्रोत्साहन गर्ने र बीमा गर्ने संस्थासँग समन्वय गर्ने<br>• मौसम प्रतिरोधी बालीनाली लगाउन किसानलाई सहयोग गर्ने साथै यस्ता बालीको बिउ भण्डार बनाउन सहयोग गर्ने।<br>• प्रकोप प्रभावित क्षेत्रहरूको जीविकोपार्जन प्रोफाइलिङ्ग र जीविकोपार्जन शैली ढाँचा नक्साङ्कन गर्ने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • प्रभावित क्षेत्रमा श्रममा आधारित नगद कार्यक्रम स्थानीय पूर्वाधार निर्माण एवं जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने ।<br>• तत्कालीन पुनर्स्थापनाको लागि आवश्यक लेखाजोखा तथा विश्लेषण गरी विस्थापितहरूको बसोवास र तत्कालीन जीविकोपार्जन जस्ता प्रमुख क्षेत्रको विकासको कार्यलाई अघि बढाउने वातावरण तयार गर्ने ।<br>• तत्काल जीविकोपार्जनको लागि आवश्यक पर्ने सीपमूलक तालिमहरू, आवश्यक सामाग्रीहरू, विउ विजनहरू वितरण गर्ने ।<br>• प्रभावित घरपरिवारलाई मौसम प्रतिरोधी बाली-नाली लगाउन कृषि सामग्री सहयोग गर्ने ।<br>• गल्छी पहिरो नियन्त्रण, संरक्षण पोखरी, पहिरो रोकथाम, सिँचाई कुलो सुधार, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, भू-क्षय नियन्त्रण, बाटो मर्मत कार्यक्रमहरू कार्यान्वयन गर्ने ।<br>• बाढी एवं पहिरोबाट प्रभावित परिवारका पशुपंक्षीका लागि पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने र कृषि सम्बन्धी सेवा तथा सामग्री उपलब्ध गर्ने ।<br>• विपद् प्रभावितहरूको लागि अनुदान तथा ऋृण वितरण गर्न वित्तीय संस्थाहरूसँग समन्वय गर्ने<br>• विपद् प्रभावितहरूको लागि अस्थायी आवास निर्माण गर्न आवास क्लष्टरसँग समन्वय गरी आवश्यक समाग्रीहरू सहयोग गर्ने ।<br>• विपद् प्रभावितका लागि खानेपानी तथा सरसफाइ व्यवस्थापनको लागि सम्बन्धित क्लस्टरसँग समन्वय गर्ने ।<br>• शीघ्र पुनर्लाभका कार्यक्रमहरूमा स्थानीय सीप, श्रोतसाधन र स्थानीयहरूको सहभागिता वृद्धि गर्ने ।<br>• वातावरण संरक्षण, वृक्षारोपण जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने । |

- संरक्षण विषयगत क्षेत्रसँग समन्वय गरी महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूमाथि हुन सक्ने हिंसा, भेदभाव, बेचविखन, दुरूपयोग जस्ता कार्य रोक्न कार्य गर्ने ।
- बीमा अनुसार बीमा गरिएको रकम उपलब्ध गराउन सहयोग गर्ने ।
- विपद्बाट क्षति भएका आधारभूत सेवाहरूको पुनर्स्थापनाका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- नगद कार्य समूह (Cash Working Group) सँग समन्वय तथा सहकार्य गर्ने ।
- शीघ्र पुनर्लाभ विषयगत समूहको बैठक सञ्चालन गर्ने ।

## ६. संरक्षण

**नेतृत्व निकायः सामाजिक विकास मन्त्रालय**

**सह नेतृत्वः** सेभ द चिल्ड्रेन, युनिसेफ, युएनएफपिए

**सदस्यहरूः** प्लान नेपाल, आवाज सुर्खेत, नेपाल प्रहरी, किर्डाक, बाल अधिकारका लागि साझा अभियान

**संरक्षणका बिषयगत क्षेत्रको भूमिका तथा जिम्मेवारीः**

बाढी तथा पहिरोजन्य जोखिम भएका स्थानका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायले बढी जोखिम व्यहोर्नुपर्ने अवस्था सिर्जना हुनेछ। अत्यावश्यक सेवा र सहयोग उपलब्ध गर्ने संयन्त्रहरू अवरूद्ध हुने भएकोले थप कठिनाइ उत्पन्न भएका अवस्था हुनेछ जसले गर्दा जोखिममा रहेका वर्गले सुरक्षा र संरक्षणसम्बन्धी थप चुनौतीहरूको सामना गर्नुपर्नेछ।

| क्र.सं. | पूर्वतयारीका मुख्य क्रियाकलाप |
|---|---|
| १ | पूर्वतयारीका लागि संरक्षण विषयगत क्षेत्रको जोखिम तथा सङ्कटासन्नता विश्लेषण गर्ने। |
| २ | प्रदेश/स्थानीय तहमा बाढी तथा पहिरोको जोखिम भएका क्षेत्रहरूमा उपलब्ध संरक्षण सेवा र सेवा प्रदायकको नक्साङ्कन गरि अध्यावधिक गर्ने। |
| ३ | मनसुनजन्य विपद्को जोखिममा पर्नसक्ने घरपरिवारलाई मनसुन अगावै यस सम्बन्धी पूर्वतयारी तथा जोखिम न्यूनीकरणको सम्बन्धमा अपनाउन सकिने उपायहरूका सम्बन्धमा व्यापक रूपमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। |
| ४ | दैनिक ज्यालादारीबाट जीविकोपार्जन गर्ने अति विपन्न तथा सङ्कटासन्न समूहका लागि अत्यावश्यक सामग्री उपलब्ध गराउनका लागि सहजीकरण गर्ने। |
| ५ | संरक्षणसम्बन्धी कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा महिला, किशोर किशोरी लगायत जोखिममा परेका समूहको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने। |
| ६ | प्रदेश र स्थानीय स्तरमा रहेका मनोसामाजिक मनोविमर्शकर्ताहरूलाई तालिम दिई |

| | |
|---|---|
| | परिचालन गर्न तयारी अवस्थामा राख्ने र सूची अध्यावधिक गर्ने। |
| ७ | महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र राउटे समुदायलाई मध्यनजर गरी उमेर, लिङ्ग र अपाङ्गता अनुकूल संरक्षण सामग्री जस्तैः मर्यादा किट, किशोरी किट, मनोरञ्जन किट, खाद्य सामग्री, गैरखाद्य सामग्री भण्डारण गर्ने। |
| ८ | विभिन्न सञ्चार माध्यम जस्तैः रेडियो, टि.भि.र अन्य सामाजिक सञ्जालका माध्यमबाट सन्देशमूलक सूचना प्रसारणका लागि आवश्यक सामग्रीहरू तयार गर्ने। |
| ९ | प्रादेशिक तथा स्थानीय स्तरमा लैङ्गिक हिंसा नियन्त्रण संजाललाई तयारी अवस्थामा रहन छलफल गर्ने लैंगिक हिँसा प्रेषण प्रणालीलाई अध्यावधिक गर्ने । |
| १० | बाल कल्याण अधिकारी, वडा तथा पालिकास्तरीय बाल अधिकार समितिहरूलाई घटना व्यवस्थापन तथा बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीसम्बन्धी तालिम दिने। |
| ११ | दीर्घरोगीहरूको सूची सङ्कलन गरी अत्यावश्यक औषधीको प्रबन्ध मिलाउने। |
| १२ | सञ्चारकर्मी तथा प्रहरीहरूलाई विपद्को अवस्थामा संरक्षणको सवालमा रिपोर्टिङ्ग गर्न तालिम दिई परिचालनको लागि समन्वय र सहकार्य गर्ने। |
| १३ | विपद्को अवस्थामा संरक्षण क्षेत्रमा आवश्यक सामग्री सेवा खरिद भण्डारण र ओसारपसार गर्नको लागि आपूर्तिकर्ताको पहिचान गरी सूची तयार गर्ने र सम्झौतापत्र तयार पार्ने। |

## २.७ बाढी तथा पहिरोको प्रतिकार्य योजना

बाढी तथा पहिरो प्रभावित क्षेत्रमा मानिसहरूको धनजनको क्षति तथा अत्यावश्यक सेवा र सहयोग संयन्त्रहरू अवरुद्ध भएको अवस्था हुनेछ। पहिले भइरहेका जोखिममा थप जोखिमहरू सिर्जना हुनेछन् । विस्थापितको संख्यामा वृद्धि हुनेछ।

| क्र.सं. | प्रतिकार्यका मुख्य क्रियाकलाप |
|---|---|
| प्रथम चरण : १ देखि २ हप्ता सम्म | |
| १ | प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्रको आकस्मिक बैठक गर्ने। |
| २ | संरक्षण विषयगत क्षेत्रसँग सम्बन्धित खण्डीकृत तथ्याङ्क सङ्कलन गर्न विस्तृत लेखाजोखा गर्ने। |
| ३ | बाढी पहिरोबाट प्रभावित महिला (गर्भवती, सुत्केरी), बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई आवश्यकताअनुसार किशोरी किट, मर्यादा किट र कपडाहरू उपलब्ध गराउने। |
| ४ | जोखिममा रहेका समुदायलाई लैङ्गिक हिंसा, बाल संरक्षण, मानसिक स्वास्थ्यजस्ता महत्त्वपूर्ण आवश्यक सेवाका लागि सहयोग गर्न हेल्पलाइन, अल्पकालीन आवास केन्द्र, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) र अन्य सेवा प्रदायक निकायसँग समन्वय |

| | |
|---|---|
| | गर्ने। |
| ५ | प्रभावित क्षेत्रमा लैङ्गिक हिंसापीडितहरूको लागि सुरक्षित आवासलगायत अन्य महिला, बालबालिका तथा अपाङ्गमैत्री सेवाको सुनिश्चितता गर्ने। |
| ६ | संरक्षण विषयगत क्षेत्रसँग सम्बन्धित स्थानीय तहका संयन्त्रहरूलाई क्रियाशील बनाई तत्काल उद्धारका निम्ति क्रियाशील बनाउने । |
| ७ | समुदायमा रहेका संरक्षणसम्बन्धी सवालहरूको नियमित अनुगमन गर्न संरक्षण अनुगमन तथा घटना प्रतिवेदन प्रणालीलाई विस्तार गर्ने। |
| ८ | हिंसा, दुर्व्यवहार, शोषण, हेला र भेदभावबाट संरक्षण गर्न सचेतना कार्यक्रमका लागि स्थानीय भाषामा संरक्षणसम्बन्धीका सेवाहरूहको जानकारीका सूचना शिक्षा सञ्चार सामग्री तयार गरि सम्प्रेषण गर्ने। |
| ९ | अन्य विषयगत समूहमा संरक्षणका सवालको मूलप्रवाहीकरण भए नभएको सुनिश्चित गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जाँचसूचीको माध्यमवाट अनुगमन गर्ने। |
| १० | जोखिममा रहेका समुदायलाई लैङ्गिक हिंसा, बाल संरक्षण तथा मानसिक स्वास्थ्य जस्ता महत्त्वपूर्ण आवश्यक संरक्षणको बारेमा सचेत गर्ने तथा सेवा दिने र प्रारम्भिक प्रतिकार्यका लागि हेल्पलाइन तथा सेल्टर विस्तार, महिलामैत्री स्थल र बालमैत्री स्थल संचालन गर्ने । |
| दोस्रो चरण : ३ देखि ४ हप्ता सम्म | |
| १ | जोखिममा परेका बालबालिकालाई तत्काल उद्धार, पारिवारिक पहिचान र पुनर्स्थापनासहित संरक्षणका आवश्यक सेवाहरू उपलब्ध गर्ने। |
| २ | विस्थापित क्षेत्रमा महिला (गर्भवती, सुत्केरी), बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको जीवन रक्षाको लागि किशोरी किट, मर्यादा किट, खाद्य/गैर खाद्य सामग्री वितरण गर्ने। |
| ३ | महिला, बालबालिका तथा किशोरकिशोरीहरूमा बढ्दै गएको लैङ्गिक हिंसाका कारणहरूको पहिचान गरी सोको समाधानका उपायहरू तय गर्न सहयोग गर्ने। |
| ४ | महिला, बालबालिका, किशोर-किशोरी, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकलाई हुन सक्ने हिंसा, दुर्व्यवहार रोक्न प्रहरीको सहयोगमा लैङ्गिक हिंसा नियन्त्रण संजाल परिचालन गर्ने र गराउने । |
| ५ | व्यक्तिमा उत्पन्न हुने विभिन्न खालका तनाव तथा मनोसामाजिक समस्याको पहिचान गरी सोको उचित व्यवस्थापन गर्न समुदायमा आधारीत मनोसामाजिक सचेतनामार्फत सकारात्मक व्यवहार परिवर्तनका लागि हेल्पलाइन तथा अन्य विशिष्टीकृत सेवा प्रदायक संस्थासँग समन्वय गरी सेवामा पहुँच सुनिश्चित गर्ने। |
| ६ | लैङ्गिक हिंसा, हानिकारक अभ्यास र मानब बेचबिखन जस्ता मानव अधिकार हननका |

| | |
|---|---|
| | घटना सम्बोधनका लागि मनोसामाजिक मनोविमर्श सेवा, सुरक्षित आवास सेवा र सम्प्रेषण प्रणालीमार्फत आवश्यक सहयोग गर्ने। |
| ७ | समुदायमा आधारित मनोसामाजिक मनोविमर्श सहयोग र विशिष्ट मानसिक स्वास्थ्य सेवा बीचको सम्बन्ध विस्तारमा सहयोग गर्ने। |
| ८ | बालबालिकाहरूको लागि बालमैत्री स्थानमा खेलकुद तथा मनोरञ्जन सामग्रीहरू उपलब्ध गराउने। |
| ९ | आधारभूत यौन प्रजनन स्वास्थ्य, लैङ्गिक हिंसा र यौन दुर्व्यवहारसम्बन्धी सचेतना जगाउनका लागि सूचना केन्द्रको स्थापना गर्ने। |
| १० | संरक्षणका सवालको समाधानका लागि संरक्षण अनुगमन तथा घटना प्रतिवेदन प्रणाली मार्फत सूचना सङ्कलन गर्ने। |
| ११ | परिचयपत्र हराएकाहरूका लागि प्रतिलिपि निकाल्न सहजीकरण गर्ने। |
| १२ | संरक्षण सेवालाई प्रभावकारी बनाउन र दोहोरोपना हुन नदिन प्रदेश/स्थानीय तहका संरक्षण संयन्त्रको समन्वय प्रणालीमा सुधार गर्ने। |
| तेस्रो चरण : २ देखि ३ महिनासम्म | |
| १ | सीमान्तकृत समूह तथा लैङ्गिक हिंसा प्रभावित, बालबालिका, विशेष अवस्थाका महिला तथा अपाङ्गता भएकालाई जीविकोपार्जन र नगद हस्तान्तरण कार्यक्रममा जोड्नका लागि सहयोग गर्ने। |
| २ | समुदायमा आधारित रिपोर्टिङ्ग संयन्त्रको स्थापना र विस्तार गर्ने। |
| ३ | विस्थापित क्षेत्रमा र समुदायमा मनोसामाजिक, मनोविमर्श सेवा लगायत अन्य आवश्यक सेवाको विस्तार गर्ने। |
| ४ | लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूका लागि उमेर, लिङ्ग र संस्कृति संवेदनशील बहुक्षेत्रीय कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्ने। |
| ५ | महिला, बालबालिका, किशोर-किशोरी, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकलाई हुन सक्ने हिंसा, दुर्व्यवहार रोक्न प्रहरीको सहयोगमा लैङ्गिक हिंसा नियन्त्रण संजाल परिचालन गर्ने/गराउने कार्यलाई निरन्तरता दिने। |
| ६ | घटना व्यवस्थापन प्रणालीको कार्यान्वयन, समुदायमा रहेको संरक्षण सवालहरूको नियमित अनुगमन तथा घटना प्रतिवेदनलाई विस्तार गर्ने र उक्त प्रतिवेदनका आधारमा तथ्याङ्कको विश्लेषण गरी संरक्षणका भावी कार्यक्रमहरू तर्जुमा गर्ने। |

***नोटः*** *विस्तृत विवरणको लागि संरक्षणक्षेत्रको* **contingency Plan** *हेर्न अनुरोध छ।*

## ७. स्वास्थ्य र पोषण

**नेतृत्व निकायः** स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत (सामाजिक विकास मन्त्रालय)

**सह नेतृत्वः विश्व स्वास्थ्य संगठन र युनिसेफ**

**सदस्यहरूः** USAID/Government to Government (G to G), World Food Program (WFP), UNFPA, Save the Children,INF International, Nick Simon Institute (NSI), United Nations Development Program (UNDP), AIDS Health Care Foundation (AHF), SNV Nepal (स्वच्छता), Plan International in Nepal, TPO Nepal, CMC Nepal,. Nepal Red Cross Society, Water Aid Nepal, PHASE Nepal, Handicap International, One Heart Worldwide (OHWW), etc.

**भूमिका तथा जिम्मेवारी**

| |
|---|
| **पूर्वतयारीका क्रियाकलापहरू** |
| • संकटासन्न र जोखिमको आधारमा पूर्वतयारी तथा प्रतिकार्यका लागि योजना तयार गर्ने,<br>• मानव संसाधनको उचित तयारी र व्यवस्थापन,<br>• प्राथमिक उपचारको तयारी गर्ने,<br>• औषधी र पोषणका सामाग्रीहरू भण्डारण गर्ने,<br>• आपतकालीन अवस्थामा शिविर सञ्चालनका लागि चाहिने उपकरणहरू, साधनहरूको तयारी गर्ने।<br>• आपतकालीन स्वास्थ्य तथा पोषण पूर्वतयारी तालिम सञ्चालन गर्ने,<br>• पानीजन्य रोगहरुको निगरानी तथा गुणस्तर परिक्षणको तयारी,<br>• झुलहरू भण्डारण गर्ने र गर्न लगाउने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • प्रादेशिक स्वास्थ्य द्रुत प्रतिकार्य टोलीको बैठक बसी जिल्ला तथा स्थानीय तहको द्रुत प्रतिकार्य टोली (RRT) सँग समन्वय गर्ने,<br>• प्राथमिक उपचार टोलीलाई परिचालन गर्ने,<br>• स्वास्थ्य तथा पोषण क्लस्टर परिचालन गर्ने,<br>• प्रभावितहरूको विस्तृत विवरण लिने फारमको व्यवस्थापन गर्ने,<br>• द्रुत प्रतिकार्य टोली (RRT) परिचालन गरी घटनाको विवरण सङ्कलन गर्ने,<br>• अत्यावश्यक स्वास्थ्य र पोषणका प्रतिकार्य सेवाहरू प्रदान गर्ने व्यवस्था मिलाउने,<br>• प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरी आवश्यकताको पहिचान तथा प्राथमिकता निर्धारण गर्ने, |

- स्वास्थ्य तथा पोषण क्लस्टरको नियमित बैठक बसी आवश्यक निर्णयहरू गर्ने,
- सम्भावित महामारीलाई मध्यनजर राखी सचेतनामूलक सन्देश प्रकाशन, प्रसारण गर्ने,
- नियमित स्वास्थ्य र पोषण सेवा प्रवाहमा केही समस्या छ-छैन भनी तत्काल सर्भेक्षण (Cluster Specific Details Assessment) गर्ने,
- आकस्मिक औषधि, सुरक्षित खानेपानी तथा खाद्यान्नको व्यवस्था गर्ने,
- जोखिम समूह (दीर्घरोगी, गर्भवती, सुत्केरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका आदि) लाई ध्यानमा राखी उचित व्यवस्थापन गर्ने ।
- आवश्यकताका आधारमा प्रेषण व्यवस्थापन तथा सहजीकरण गर्ने ।
- ० देखि २३ महिनाका बालबालिकाका लागि स्तनपानको सहयोग, संरक्षण र प्रवर्द्धन गर्ने ।
- ६ देखि २३ महिनाका बालबालिकाका लागि थप खानाको संरक्षण र प्रवर्द्धन गर्ने ।
- ५ वर्षमुनिका बालबालिका, गर्भवती र सुत्केरी महिलाहरूको द्रुत पोषण लेखाजोखा (Rapid Nutrition Assessment) गर्ने,
- ५ वर्षमुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाहरूका शीघ्र कुपोषणको रोकथाम र व्यवस्थापन गर्ने,
- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको अनाधिकृत बिक्री वितरण तथा प्रयोगमा रोक लगाउन नियमित अनुगमन तथा समन्वय गर्ने।
- सुक्ष्म पोषणको कमि हुन नदिन बालबालिका, महिला, किशोरीलाइ सुक्ष्म पोषक तत्वको वितरण गर्ने ।
- प्रतिकार्य समीक्षा गर्ने, प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायहरूमा जानकारी गराउने,
- अत्यावश्यक स्वास्थ्य सेवाको निरन्तरता, निगरानी, अभिलेख तथा प्रतिवेदन गर्ने

,स्वास्थ्य र पोषण विषयगत क्षेत्रको मनसुन पूर्वतयारी र प्रतिकार्य योजना

| गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|
| मनसुन पूर्वतयारी क्रियाकलापहरू | | | | |
| आपतकालीन अवस्थामा चाहिने औषधी, उपकरण तथा स्वास्थ्य तथा पोषण सामग्रीहरुको भण्डारण गर्ने | प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | विकास साझेदारहरू | निरन्तर | |
| संकटासन्न र जोखिमको आधारमा पूर्वतयारी तथा प्रतिकार्यका लागि योजना तयार गर्ने । | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | निरन्तर | |
| मानव संसाधनको उचित पूर्वतयारी, परिचालन योजना तथा क्षमता विकास तालिम/अभिमुखिकरण | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय, मानव संसाधान विकास केन्द्र, | विकास साझेदारहरू | निरन्तर | |
| सम्भावित महामारी रोकथामका लागि सचेतनामूलक सामाग्रीहरूको उत्पादन, प्रकाशन, प्रसारण र वितरण योजना | स्वास्थ्य सेवा निर्देशनालय/मानव संसाधान विकास केन्द्र | विकास साझेदारहरू | निरन्तर | |

| | | | | |
|---|---|---|---|---|
| प्रभावितहरूको विस्तृत विवरण लिने फारमको व्यवस्थापन गर्ने। | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | निरन्तर | |
| आपतकालीन अवस्थामा परिचालन हुने टोली पहिचान गर्ने। | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | निरन्तर | |
| स्वास्थ्य र पोषण विषयगत क्षेत्रको आपतकालीन योजना निर्माण गर्ने । | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | निरन्तर | |
| एम्वुलेन्सको व्यवस्थापन र सवारी चालकहरू तयारी अवस्थामा राख्ने | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| स्थानीय, जिल्ला र प्रदेशस्तरमा भएका मनोसामाजिक परामर्शदाता—हरूको सूची तयार गरी अभिमुखिकरण गर्ने | स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | निरन्तर | |
| गर्भवती, सुत्केरी महिला, जेष्ठ नागरिक, बालबालिकाहरूको पौष्टिक तत्वहरूको भण्डारण र खाद्य सुरक्षाको सुनिश्चित गर्ने, | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | निरन्तर | |
| आधारभूत पानी, सरसफाइ, स्वच्छता, विपद्जन्य फोहोरको सुरक्षित विसर्जन र सम्भावित सरुवा रोगको रोकथाम योजना तयार गर्ने, | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | निरन्तर | |

| | | | | |
|---|---|---|---|---|
| मनसुन प्रतिकार्यका क्रियाकलापहरू | | | | |
| प्रादेशिक स्वास्थ्य द्रुत प्रतिकार्य टोली (RRT ) को बैठक बसी जिल्ला तथा स्थानीय तहको द्रुत प्रतिकार्य टोली (RRT) सँग समन्वय गर्ने । | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | प्रकोप भएको २४ घण्टाभित्र | |
| सामाजिक विकास मन्त्रालयबाट स्वास्थ्य तथा पोषण क्लस्टरको सक्रियता र परिचालन | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | प्रकोप भएको २४ घण्टाभित्र | |
| स्थानीय तहका द्रुत प्रतिकार्य टोली (RRT) सँग समन्वय गरी घटनाको विवरण संकलन तथा परिचालन गर्ने । | स्वा.से.नि./प्रदेश स्वास्थ्य आपतकालीन व्यवस्थापन केन्द्र | विकास साझेदार | तत्काल | |
| अत्यावश्यक स्वास्थ्य र पोषणका प्रतिकार्य सेवाहरू प्रदान गर्ने व्यवस्था मिलाउने। | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | प्रकोप भएको २४ घण्टाभित्र | |
| प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरी आवश्यकताको पहिचान तथा प्राथमिकता निर्धारण गर्ने । | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | घट्ना भएको १ हप्ताभित्र | |
| स्वास्थ्य तथा पोषण क्लस्टरको नियमित बैठक बसी आवश्यक निर्णयहरू गर्ने । | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | घट्ना भएको १ हप्ताभित्र | |
| सम्भावित महामारीलाई मध्यनजर राखी सचेतनामूलक सन्देश प्रकाशन, प्रसारण गर्ने | स्वास्थ्य सेवा निर्देशनालय/ सामाजिक विकास | विकास साझेदारहरू | घट्ना भएको १ | |

| | | | | |
|---|---|---|---|---|
| । | मन्त्रालय मानव संसाधन विकास केन्द्र | | हप्ता भित्र | |
| नियमित स्वास्थ्य र पोषण सेवा प्रवाहमा केही समस्या छ/छैन भनी तत्काल सर्भेक्षण (Cluster Specific Details Assessment )गर्ने। | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | घट्ना भएको १ हप्ता भित्र | |
| आकस्मिक औषधि तथा सफा र सुरक्षित खानेपानीको व्यवस्था, खाद्यान्न व्यवस्था गर्ने, | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | १ हप्ता देखि १ महिना भित्र | |
| जोखिम समूह (दीर्घरोगी, गर्भवती, सुत्केरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका आदि) लाई ध्यानमा राखी उचित व्यवस्थापन गर्ने। | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | १ हप्तादेखि १ हिनाभित्र | |
| प्रभावितहरूको विस्तृत विवरण लिने फारमको व्यवस्थापन गर्ने। | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | १ महिना देखि ३ महिना | |
| प्रभावितहरुको प्राथमिक उपचार साथै आवश्यकताका आधारमा प्रेषण गर्नका लागि सहयोग/सहजीकरण गर्ने। | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | १ हप्ता देखि १ महिना | |
| ५ वर्षमुनिका बालबालिका, गर्भवती र सुत्केरी महिलाहरूको द्रुत पोषण लेखाजोखा (Rapid Nutrition | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | १ हप्ता देखि ३ महिना | |

| | | | | |
|---|---|---|---|---|
| Assessment ) गर्ने। | | | | |
| ०—२३ महिनाका बालबालिकालाई उचित स्तनपानको प्रबर्द्धन गर्ने । | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | घट्ना भएको १ हप्तादेखि ३ महिना | |
| ६—२३ महिनाका बालबालिकालाई उचित थप खानाका साथै स्तनपानको प्रबर्द्धन गर्ने । | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | घट्ना भएको १ हप्तादेखि ३ महिना | |
| ५ वर्षमुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाहरूका शीघ्र कुपोषणको रोकथाम र व्यवस्थापन | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | १ हप्ता देखि ३ महिना | |
| प्रतिकार्यको समीक्षा गर्ने, प्रतिवेदन तयार गरेने र सम्बन्धित निकायहरूमा जानकारी गराउने । | सामाजिक विकास मन्त्रालय/ स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | १ महिना देखि ३ महिना | |
| विपद् प्रभावित क्षेत्रहरूमा मेडिकेटेड झुल वितरण गर्ने । | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | तुरुन्तै | |
| प्रभावित स्थानहरूमा चिकित्सक सहित स्वास्थ्यकर्मीहरूको टोली परिचालन गर्ने र आवश्यक | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | १ हप्ता पछि | |

| | | | | |
|---|---|---|---|---|
| भएमा स्वास्थ्य शिविर सञ्चालन गर्ने । | | | | |
| मनसुन प्रतिक्रिया योजनामा एकीकृत भेक्टर नियन्त्रण कार्यहरू सुनिश्चित गर्ने। | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | निरन्तर | |
| किटजन्य/पानीजन्य रोगका लागि किट, LLI N र पानी शुद्धीकरण ट्याब्लेट, खोप र खोपजन्य सामग्री, आवश्यक औषधि र चिकित्सकहरूको व्यवस्था गर्ने । | सा.वि.म./स्वा. सेवा नि/प्रदेश जनस्वास्थ्य प्रयोगशाला/प्र.स्वा.आ.व्य. केन्द्र | विकास साझेदारहरू | तुरुन्तै | |
| ५ वर्षमुनिका बालबालिका तथा गर्भवती महिलाहरूलाई उचित पोषणको प्रबन्ध, नियमित स्वास्थ्य सेवा (खोप, पूर्वप्रसूति तथा उत्तरप्रसूति सेवा, परिवार नियोजन, सुरक्षित खानेपानी र सरसफाई, महिनावारी सर-सफाई, व्यवस्था आदिको निरन्तरता दिने । | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | १ हसता पछि | |
| आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको अनाधिकृत बिक्री वितरण तथा प्रयोगमा रोक लगाउन नियमित अनुगमन तथा समन्वय गर्ने। | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय | विकास साझेदारहरू | तुरुन्तै | |

| | | | | |
|---|---|---|---|---|
| विपद् तथा महामारीका कारण हुन सक्ने स्वास्थ्य पोषणको समस्यालाई व्यवस्थापन गर्नका लागि आवश्यक सामाग्रीको मौज्दात र बितरण | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय/प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | विकास साझेदारहरू | निरन्तर | |

माथि उल्लेखित कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका निमित्त विभिन्न सरकारी, गैह्रसरकारी तथा अन्य स्वास्थ्य सेवा प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरिएको सुनिश्चित गरिनेछ।

***नोटः** स्वास्थ्य तथा पोषण क्षेत्रसँग सम्बन्धित पूर्वतयारी तथा प्रतिकार्य योजनाको थप जानकारीका लागि सो क्षेत्रको विस्तृत योजना हेर्न सकिनेछ ।*

## ८. शिक्षा

**नेतृत्व गर्ने निकायः** शिक्षा विकास निर्देशनालय (**सामाजिक विकास मन्त्रालय**)

**सह नेतृत्वः** युनिसेफ,सेभ द चिल्ड्रेन,

**सदस्यहरूः** प्लान नेपाल,

**भूमिका तथा जिम्मेवारी**

| **पूर्व तयारीका क्रियाकलापहरू** |
|---|
| • विद्यालय स्तरमा समुदाय, विद्यालय व्यवस्थापन समिति वि.व्य.स. अभिभावक, शिक्षक, विद्यार्थीको समेतको सहभागितामा मनसुन पूर्वतयारी गर्न नियमित बैठक, छलफल तथा अन्तरक्रिया गर्ने<br>• उपलब्ध Student Kit, School Kit, ECD Kit, Recreational Kit जस्ता सामाग्रीको परिमाण अद्यावधिक गर्ने<br>• शिक्षा सन्जाल समूह (Education Cluster) का सदस्य संस्थाहरूसँग उपलब्ध शैक्षिक सामाग्रीहरू, सामग्री भण्डारण गरेको स्थान र जनशक्तिको अभिलेख अद्यावधिक राख्ने ।<br>• विपद् जोखिम न्यूनीकरण/अल्पीकरण योजनामा शिक्षकको क्षमता अभिवृद्धिलाई विद्यालय सुरक्षा योजनाको एउटा पाटोको रूपमा विद्यालय सुधार योजनामा समावेश गर्ने<br>• शिक्षकहरूलाई खोज तथा उद्धार कार्यमा खटाउँदा र विद्यालयलाई आश्रयस्थलको रूपमा प्रयोग |

| |
|---|
| गर्दा त्यसबाट शिक्षामा पर्ने प्रभाव बारे शिक्षकहरूलाई Learning Materials का माध्यमबाट सचेतना/अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । <br>• विद्यालय पहुँचका लागि सुरक्षित वैकिल्पक बाटोहरूको पहिचान गर्ने गराउने। <br>• आपत्कालीन अवस्थाको शिक्षाका शैक्षिक सामग्रीहरूको वितरण र व्यवस्थापन सम्बन्धमा मार्फत अभिमुखीकरण गर्ने । <br>• क्षतिको विवरण सङ्कलन गर्नका लागि र सही सूचना सम्प्रेषण गर्नका लागि सूचनाहरूको मस्यौदा तथा सूचना फारमहरू भर्ने सीप विकासको लागि शिक्षक DRR focal Person हरूलाई विद्युतीय सन्चार माध्यमबाट अभिमुखीकरण गर्ने । <br>• अस्थायी सिकाइ केन्द्र/कक्षाकोठा निमार्णका लागि प्राथमिक र वैकिल्पक स्थानको पहिचान तथा छनोट गर्ने गराउने <br>• अस्थायी सिकाइ केन्द्र/कक्षाकोठा निर्माण, शौचालय र खानेपानीको लागि आवश्यक पर्ने भौतिक सामाग्रीहरू भण्डारण भए नभएको सुनिश्चित गर्ने गराउने <br>• प्रत्येक विद्यालयमा प्राथमिक उपचारका सामाग्री राख्न सहजीकरण गर्ने र सुनिश्चित गर्ने <br>• आपतकालीन अवस्थामा सम्पर्कको लागि बालबालिकाको अभिभावकको सम्पर्क नम्बर प्रत्येक विद्यालयमा अधावधिक गर्ने गराउने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • आंशिक भत्केका विद्यालय भवन मर्मत सहयोग <br>• अस्थायी सिकाई केन्द्र २२५ वटा निर्माण गरेर कक्षा सञ्चालन गर्ने गराउन ६० जना १ अस्थायी सिकाई केन्द्र, अस्थायी सिकाई केन्द्र किशोरीमैत्री, बालमैत्री र अपांगमैत्री निर्माण गर्ने । <br>• Back to school campaign सञ्चालन गर्ने र भयरहित वातावरणमा कक्षा सञ्चालन गर्ने <br>• अस्थायी सिकाई केन्द्रमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने <br>• बालिका सुलभ शौचालय निर्माण सहयोग गर्ने गराउने <br>• सेनेटरी प्याड वितरण गर्ने सहयोग गर्ने <br>• विद्यालय आवतजावत गर्ने बाटो मर्मत गर्ने <br>• शैक्षिक सामग्री तथा पाठ्यपुस्तक सहयोग गर्ने <br>• विद्यालय स्तरमा बालबालिकालाई मनोसामाजिक परामर्शको कार्यक्रम सञ्चालन गर्ने <br>• बिपदबाट भएका क्षतिको अद्यावधिक गर्ने <br>• बिद्यालय पहुँचका लागि सुरक्षित बैकल्पिक बाटोहरूको पहिचान गर्ने <br>• समुदाय, विधार्थी, ,शिक्षक अभिभावक संघलाई विधालय सुरक्षा योजना, बाढीले थुपारेको फोहोरको |

सरसफाई, अस्थायी सिकाई कक्षा निर्माण तथा सञ्चालन र मर्मत सम्भारसम्बन्धी उनीहरूको भूमिका तथा जिम्मेवारी सम्बन्धी सन्देशमूलक सामाग्री तयार गरी प्रसारण गर्ने ।

- विद्यालयलाई आपतकालीन आश्रय स्थलको रूपमा प्रयोग नगरी अन्य बैकल्पिक स्थानहरूमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- अस्थायी सिकाई केन्द्रमा प्राथमिक उपचारका सामाग्रीहरूको व्यवस्थापन गर्ने र आवश्यकता अनुसार परिचालन गर्ने ।

**नोटः** विस्तृत विवरणको लागि शिक्षा क्षेत्रको Contingency Plan हेर्न अनुरोध । स्थानीय तहले आफ्नो योजना र जिम्मेवारी अनुसार समन्वयात्मक ढंगबाट काम गर्न सक्नेछ ।

## ९. सुरक्षित आश्रयस्थल तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन

मुख्य जिम्मेवार निकायः भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत

बिषय गत क्षेत्र गठनः २०७८ जेठ २८, बैठकः १ पटक

सहायक जिम्मेवार निकायः सेभ द चिल्ड्रेन, नेपाल रेडक्रस सोसाइटी, र आई.ओ.एम.

सदस्य संस्थाहरू: वर्ल्ड भिजन इन्टरनेश्नल, मर्सिकोर नेपाल, प्लान इन्टरनेशनल, युनिसेफ, युक्त राष्ट्रका विकास कार्यकोष, Welthungerhilfe, विश्व खाद्य कार्यक्रम, स्याक नेपाल, सुर्खेत, आर.टि.आई., स्वास्थ्यका लागि सक्षम प्रणाली

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको बजेटः प्रत्येक जिल्लाका लागि ४० लाख (मन्त्रालयमा १ करोड)

क्षेत्रगत सदस्य संस्थाहरू: जम्मा १३ संस्थाहरू

विषयगत क्षेत्रः सुरक्षित आश्रयस्थल तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन।

### सुरक्षित आश्रयस्थल

| पूर्व तयारीका क्रियाकलापहरू |
|---|
| · कर्णाली प्रदेशमा जोखिममा रहेका समुदायहरूको पहिचान गरी विपद्को बेला आवश्यक पर्ने आश्रयस्थलको सङ्ख्या र यसको क्षमताहरूबारे सरोकारवालाहरूलाई जानकारी गराउने।<br>· बाढी पहिरोको जोखिममा रहेका समुदायहरूको सूचीकरण गरी सम्बन्धित पालिकाहरूसँग समन्वय र सम्पर्क गरी पूर्वतयारीको कामहरू गर्ने।<br>· शिविर व्यवस्थापन समितिहरू विनाका विस्थापित स्थानहरूमा अग्रपंक्तिमा खटिनेहरूको लागि कोभिड-१९ सँग सम्बन्धित जनस्वास्थमा मापदण्डसहित शिविर व्यवस्थापन सम्बन्धित प्रशिक्षण दिने।<br>· खुल्ला क्षेत्रको रूपमा घोषित वा पहिचान गरिएको स्थान तथा आश्रयस्थलमा शिविरको सञ्चालन गर्नको निम्ति साईट प्लानहरू उपलब्ध गराउने वा स्वतः स्फुर्त साइटहरूको द्रुत गतिमा स्तरोन्नति तथा परिमार्जन गर्नका लागि साईट प्लानहरू उपलब्ध गराउने।<br>· मन्त्रालयसँगको समन्वयमा बाढी पहिरोको जोखिम भएका विभिन्न जिल्ला तथा स्थानीय तहमा बनाइएका |

| |
|---|
| सामुदायिक भवन वा आश्रयस्थलको (अस्थायी बासस्थानहरू) मापन गरी अद्यावधिक विवरण उपलब्ध गराउने।<br>· मनसुनपूर्व सुरक्षित आश्रय स्थल (Shelter) तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तथा तालिम सञ्चालन गर्ने।<br>· आश्रय स्थल (Shelter) तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन विषगत क्षेत्रको मासिक वैठक बस्ने। |
| प्रतिकार्यका क्रियाकलापहरू |
| · साइट व्यवस्थापन गर्ने र साइटमा आवश्यक पर्ने खाद्यान्न र गैह्रखाद्यान्न सामाग्रीहरूको व्यवस्थापनको लागि सम्बन्धित विषयगत क्षेत्रहरूबीच समन्वय र सहकार्य गर्ने।<br>· साइट व्यवस्थापनको लागि स्थानीय पालिका र जिल्लाहरूसँग मिलेर स्वयंसेवकहरू परिचालन गर्ने।<br>· साइटको चाप व्यवस्थापन र सुबिधाहरू थप सुदृढ गर्न र कोभिड १९, डेंगु तथा पानीजन्य संक्रामक रोगहरूको सङ्क्रमण रोक्न खानेपानी सरसफाई तथा स्वच्छता स्वास्थ्य तथा पोषण (Health and Neutrition) अन्य विषयगत क्षेत्रहरूसँग मिलेर काम गर्ने।<br>· विस्थापित साइट र समुदायमा रोगहरूको सङ्क्रमणबाट जोगाउन सेवा प्रवाहमा सङ्क्रमण रोकथाम तथा नियन्त्रणका मापदण्डको पालना गर्न प्रोत्साहन गर्ने।<br>· आश्रयस्थल वा शिविरमा रहेका प्रभावित व्यक्तिहरूको संरक्षण, खानेपानी, सरसफाई तथा स्वच्छता -WASH_, खाद्यन्न, पोषण, आश्रयस्थलः गैह्रखाद्य सामाग्री सम्बन्धी सूचना व्यवस्थापनको निम्ति विस्थापन ट्र्याकिङ म्याट्रिक्स (Displacment Tracking Matrix) कोभिड १९ महामारीसँग सान्दर्भिक हुने गरी अद्यावधिक गराउने।<br>· आश्रयस्थल वा शिविरमा रहेका प्रभावित जनसङ्ख्यालाई जीवन रक्षार्थ सेवाहरू समयमा नै सुनिश्चित गर्ने। प्रदान गरिएको सेवा सम्बन्धी सूचना व्यवस्थापन गर्ने।<br>· विस्थापन ट्र्याकिङ म्याट्रिक्स -Displacment Tracking Matrix_ कार्यान्वयन गरी आवश्यकता वा सेवा पहिचानका लागि सूचना सङ्कलन गर्ने, प्रभावित क्षेत्रहरूमा रहेका प्रावधान र अन्तरहरू -Provision and Gaps_ सम्बन्धी जानकारी सङ्कलन गर्न नियमित रूपमा (Remote assessment) विधि मार्फत सूचना, नक्सा र तथ्याङ्कको अद्यावधिक गरी विभिन्न क्लस्टरहरू वा निकायहरूलाई सूचना प्रदान गर्ने।<br>· आश्रयस्थल र शिविरस्थलहरूमा गुनासो संयन्त्रहरूको स्थापना सुनिश्चित गर्ने।<br>· अरु विषयगन क्षेत्रहरूको समन्वयमा शिविर तथा आश्रय स्थलहरूमा निरन्तर स्वास्थ्य सेवाहरू, मनोबैज्ञानिकः मानसिक परामर्श, सिफारीसको प्रभावकारी कार्यपद्धति (Referral mechanism) स्थापना गराउने। |

· आश्रयस्थल तथा अन्य विषयगत क्षेत्रहरूसँगको समन्वयमा फिर्ता सहयोगको (यातायत, संकलित फिर्ता प्याकेजमार्फत नगद र सामानको सुबिधा) बन्दोबस्त गर्ने ।

· yagya.pun@wfp.orgआवास तथा गैहखाद्य सामग्री वितरणको नियमित अनुगमन, मुल्याङ्कन र समीक्षा गर्ने ।

· प्राथमिकता शिविर र आश्रयस्थल जहाँ अझै फिर्ता सम्भव छैन, त्यसता साइटहरूको पुर्वाधार सुधार गर्ने वा ट्रान्जिट केन्द्रहरू -transit centers_ र शिविरहरूको स्तरोन्नति गर्ने ।

· शिविरहरू वा आश्रयस्थलहरू बन्द गर्ने -Decommission_, निसङ्क्रमण -Disinfection_ गर्ने र शिविरहरू बन्द गर्दा यथासक्दो साइटहरूलाई आफ्नो मौलिक प्रयोगमा फिर्ता लाने ।

मनसुन पूर्वतयारी र प्रतिकार्य योजना

| क्रियाकलाप | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| क्षेत्रगत सदस्यहरूसँग सञ्चार तथा बैठक मोवाइल एप प्रयोग गरी तथ्याङ्क सङ्कलन | पहिलो दिन | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, |
| क) प्रारम्भिक द्रुत लेखाजोखा औजारका प्रतिहरू उपलब्ध गराउने।<br>ख) विपदको लेखाजोखा सम्बन्धी औजारको प्रयोग गरी द्रुत लेखाजोखा सञ्चालन गने | दोश्रो दिन | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैहसरकारी संस्था |

| | | | |
|---|---|---|---|
| विस्थापितको सङ्ख्या र जानकारी लिने पहिचान भएकालाई अस्थायी आवासमा बसोबास गराउने | पहिलो दिन | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैहसरकारी संस्था |
| आवश्यकता अनुसार ओछ्याउने, ओड्ने,लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन विनाभेदभाव वितरण गर्ने (गैहखाद्य सामाग्री वितरण)<br>ग) आश्रयस्थल निर्माण | पहिलो महिना | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैहसरकारी संस्था |
| आवास तथा गैह्खाद्य सामग्री वितरणको अनुगमन, मुल्याङ्कन र समीक्षा गर्ने | दोश्रो महिना | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैहसरकारी संस्था |
| विस्थापन ट्रयाकिङ म्याट्रिक्स माध्यमबाट आवश्यकता र उपलब्ध सेवाहरूको पहिचान गरी आवश्यक सूचना अन्य निकायहरूलाइ उपलब्ध गराउने। | पहिलो महिना | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैहसरकारी संस्था |

**शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्रको मनसुन प्रतिकार्य तथा पूर्वतयारी कार्ययोजना, २०८१**

**मनसुन पूर्वतयारी कार्ययोजना**

| क्र. सं. | पूर्वतयारी क्रियाकलापहरू | मुख्य जिम्मेवारी | समन्वय सहयोग | परिमाण | स्थान | समयावधि |
|---|---|---|---|---|---|---|
| १ | शिविर समन्वय तथा शिविर व्यवस्थापन क्षेत्रको नियमित समन्वय बैठक राख्ने र सम्पर्क विवरण एवं स्रोत अद्यावधिक गर्ने | भौतिक पूर्वाधार विकास | विषयगत क्षेत्रका सदस्यहरू | | प्रदेश | नियमित |

| क्र. सं. | पूर्वतयारी क्रियाकलापहरू | मुख्य जिम्मेवारी | समन्वय सहयोग | परिमाण | स्थान | समयावधि |
|---|---|---|---|---|---|---|
| | | मन्त्रालय | | | | |
| २ | अस्थायी आश्रयस्थल तथा शिविर सञ्चालन र व्यवस्थापनका लागि आवश्यक जनशक्ति, सामग्री तथा औजारहरू तयारी अवस्थामा राख्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | विषयगत क्षेत्रका सदस्यहरू | | प्रदेश | नियमित |
| ३ | शिविर समन्वय र शिविर व्यवस्थापन सहायताको लागि सबै विषयगत क्षेत्र समेटेर समन्वय संयन्त्र तयार गर्ने, अद्यावधिक गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | प्रदेश | मनसुन शुरूहुनु पूर्व |
| ४ | आपत्कालीन अस्थायी आश्रयस्थल ९शिविर० को लागि गाउँ तथा नगरपालिकामा खुल्ला क्षेत्र पहिचान एवं नक्शांकन गर्न सम्बन्धित स्थानीय तहलाई सहयोग गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति | | नगर पालिका गाउँ पालिका | मनसुन शुरूहुनु पूर्व |
| ५ | खुल्ला क्षेत्रको रुपमा घोषित वा पहिचान गरिएको स्थानहरुका अध्यावधिक विवरण संकलन र नक्शांकन गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | विषयगत क्षेत्रका सदस्यहरू जिल्ला विपद् व्यवस्थापन समिति | | नगर पालिका गाउँ पालिका | मनसुन शुरूहुनु पूर्व |
| ६ | आश्रयस्थल वा शिविर/ स्वत स्फुर्त साईटहरुमा रहेका प्रभावित व्यक्तिहरुको संरक्षण, खानेपानी, सरसफाई तथा स्वच्छता (ध्बक्ज०, खाद्यान्न, पोषण, आश्रयस्थल/गैरखाद्य सामग्री सम्बन्धी सूचना व्यवस्थापनको निम्ति | भौतिक पूर्वाधार विकास मन्त्रालय | विषयगत क्षेत्रका सदस्यहरू स्थानीय विपद् व्यवस्थापन | | प्रदेश | मनसुन शुरूहुनु पूर्व |

| क्र.सं. | पूर्वतयारी क्रियाकलापहरू | मुख्य जिम्मेवारी | समन्वय सहयोग | परिमाण | स्थान | समयावधि |
|---|---|---|---|---|---|---|
| | म्फकउबिअभ्रूभलत त्चबअपष्लन :बतचष्ह ९म्तः० सम्बन्धी प्रश्नावलीलाई अद्यावधिक गराउने र आवश्यक परेको बेलामा कार्यान्वयन गराउने । | | समिति | | | |
| ७ | खुल्ला क्षेत्रको रुपमा घोषित वा पहिचान गरिएको स्थान तथा आश्रयस्थलमा शिविरको सञ्चालन गर्नेका निम्ति साईट प्लानहरु तयार गरी उपलब्ध गराउने | भौतिक पूर्वाधार विकास मन्त्रालय | शहरी विकास तथा भवन कार्यालय सम्बन्धित स्थानीय तह | | नगर पालिका गाउँ पालिका | मनसुन शुरूहुनु पूर्व |
| ८ | स्वतःस्फुर्त साईटहरुको द्रुत गतिमा स्तरोन्नती तथा परिमार्जन गर्नका लागि साईट प्लानहरु उपलब्ध गराउने र आवश्यक पूर्वाधार विकास गर्ने गराउने | भौतिक पूर्वाधार विकास मन्त्रालय | शहरी विकास तथा भवन कार्यालय सम्बन्धित स्थानीय तह | | नगर पालिका गाउँ पालिका | मनसुनपूर्व |
| ९ | शिविरहरु स्थापना गर्नुपरेको अवस्थामा अरु क्लस्टरहरूको समन्वयमा शिविर तथा आश्रयस्थलहरुमा निरन्तर स्वास्थ्य सेवाहरु, मनोवैज्ञानिक/मानसिक परामर्श, सिफारिसको प्रभावकारी कार्यपद्धति (च्भाभचचर्बा ⁊भअजबलष्क० स्थापनाको तयारी गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | सम्बन्धित विषयगत क्षेत्रहरू | आवश्यकता अनुसार | | मनसुनपूर्व |
| १० | पहिचान गरिएका खुल्ला स्थानमा अस्थायी आश्रयस्थलका लागि आवश्यक सडक पूर्वाधार, विजुली, खानेपानी, सरसफाइको प्रवन्ध तथा तत्काल टहरा बनाउन सक्ने गरी तयारी गर्न स्थानीय तहलाई सहयोग गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | विषयगत क्षेत्रहरू सदस्यहरु सम्बन्धित स्थानीय तह | आवश्यकता अनुसार | स्थानीय तह पहिचान गरिए | मनसुनपूर्व |

| क्र. सं. | पूर्वतयारी क्रियाकलापहरू | मुख्य जिम्मेवारी | समन्वय सहयोग | परिमाण | स्थान | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | | का स्थान | |
| ११ | प्रदेशमा भएका हेभी इक्वीपमेन्ट, ढुवानीका साधनहरु तथा सवारी साधनहरुको लगत तयार गरी आपत्कालीन अवस्थामा तत्काल प्रयोग गर्न सकिने प्रवन्ध मिलाउने | भौतिक पूर्वाधार विकास मन्त्रालय | शहरी विकास तथा भवन कार्यालय | | | मनसुनपूर्व |
| १२ | १३००० परिवारलाई अस्थायी बसोबासको आवश्यकता पर्न सक्ने आँकलनका आधारमा शिविर व्यवस्थापन तथा अस्थायी आवास निर्माणका सामग्रीहरू तयारी अवस्थामा राख्न समन्वय गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | सम्बन्धित विषयगत क्षेत्र स्थानीय तह | | | मनसुनपूर्व |
| १३ | मनसुनजन्य विपद् जोखिमयुक्त बस्तीको पहिचान गरी अभिलेख तयार गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय विपद् व्यवस्थापन समिति | | स्थानीय तह | मनसुनपूर्व |
| १४ | जोखिमयुक्त वस्ती स्थानान्तरणका लागि सुरक्षित क्षेत्र पहिचान गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय विपद् व्यवस्थापन समिति | | स्थानीय तह | मनसुनपूर्व |
| १५ | शिविर समन्वय तथा शिविर व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समिति र अन्य विषयगत क्षेत्रहरूको क्षमता विकास गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति | | स्थानीय तह जिल्ला तह | नियमित |

३.२ मनसुन प्रतिकार्य कार्ययोजना

| **समयावधि** | **क्रा सं।** | **प्रतिकार्य गतिविधिहरू** | **मुख्य जिम्मेवारी** | **समन्वय/सहयोग** |
|---|---|---|---|---|
| ० | १ | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत | भौतिक | विषयगत क्षेत्रका |

| समयावधि | क्रा सं। | प्रतिकार्य गतिविधिहरू | मुख्य जिम्मेवारी | समन्वय/सहयोग |
| --- | --- | --- | --- | --- |
| **देखि २४ घण्टा** | | क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गरी प्रभावित हुनसक्ने जनसङ्ख्या र विस्थापित हुनसक्ने घरपरिवारको तत्काल आँकलन गर्ने | पूर्वाधार विकास मन्त्रालय | सदस्यहरु<br>आन्तरिक मामिला तथा कानून मन्त्रालय, सम्बन्धित स्थानीय तह |
| | २ | विपद् प्रभावित जिल्ला र स्थानीय तहसँग समन्वय गरी तत्काल शिविर समन्वय तथा शिविर व्यवस्थापनको आवश्यकता आँकलन गरी सहयोग परिचालन गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | विषयगत क्षेत्रका सदस्यहरु<br>स्थानिय तह |
| | ३ | विस्थापित परिवारहरूको लागि पहिले नै पहिचान गरिएका स्थानहरूमा तत्काल अस्थायी बसोबासको प्रवन्ध गर्न  साइट प्लनजहरु उलब्ध गराउने | भौतिक पूर्वाधार विकास मन्त्रालय | विषयगत क्षेत्रका सदस्यहरु<br>गाउँपालिका, नगरपालिका |
| | ४ | शिविरमा आश्रय लिनुपर्ने व्यक्तिहरुको लागि खाद्य एवं गैरखाद्य सामग्रीहरू उपलब्ध गराउन समन्वय गर्ने प्रभावितहरूलाई गर्मीको समयमा झुल र जाडोको समयमा न्यानो कपडाको प्रवन्ध गर्न गैर खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | अन्य विषयगत क्षेत्रहरू<br>गाउँपालिका, नगरपालिका<br>जिल्ला विपद् व्यवस्थापन समिति |
| | ५ | विपद् प्रभावित र विस्थापितहरूको दर्ता एवं विवरण संकलनको लागि स्थानीय सरकारलाई सहयोग गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | गाउँपालिका, नगरपालिका, |
| **२४ घण्टा देखि ७ दिन** | ६ | शिविरमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन स्थानीय स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी अस्थायी स्वास्थ्य केन्द्र सञ्चालनको प्रवन्ध गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | स्थानीय तह स्वास्थ्य शाखा,<br>स्वास्थ्य संस्थाहरू |
| | ७ | प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment-IRA) आधारमा आगामी एक | शिविर समन्वय तथा | स्थानीय विपद् व्यवस्थापन समिति, |

| समयावधि | क्रा सं। | प्रतिकार्य गतिविधिहरू | मुख्य जिम्मेवारी | समन्वय/सहयोग |
|---|---|---|---|---|
| | | महिनाको लागि अस्थायी बसोबास शिविर सञ्चालन आवश्यकताको आँकलन गर्ने | शिविर व्यवस्थापन विषयगत क्षेत्र | अन्य विषयगत क्षेत्रहरू |
| | ८ | विस्थापन ट्र्याकिङ्ग म्याट्रिक्सको (DTM) कार्यान्वन गरी आवश्यकता वा सेवा पहिचानका लागि सूचना सङ्कलन गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य विषयगत क्षेत्रहरू |
| | ९ | प्रभावित क्षेत्रहरुमा रहेका प्रावधान र अन्तरहरु (Provision and Gaps) सम्बन्धी जानकारी सङ्कलन गर्न नियमित रुपमा Remote Assessment/Field Visit विधि मार्फत् सूचना, नक्सा र तथ्याङ्क अद्यावधिक गरी विभिन्न क्लस्टरहरू वा निकायहरुलाई सूचना प्रदान गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य विषयगत क्षेत्रहरू |
| | १० | शिविर व्यवस्थापनको लागि अन्तर विषयगत क्षेत्र समन्वय संयन्त्र तयार गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | सम्बन्धित स्थानीय तह अन्य विषयगत क्षेत्रहरू |
| | ११ | शिविर प्रशासन व्यवस्थापनको लागि स्थानीय नगरपालिका तथा गाउँपालिकालाई सहयोग गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | सम्बन्धित स्थानीय तह अन्य विषयगत क्षेत्रहरू |
| | १२ | आवश्यक खाद्य, गैर खाद्य तथा अस्थायी शिविर निर्माण सामग्री उपलब्धताको लागि स्थानीय बजार सर्वेक्षण गर्ने स्थानीय बजार सुचारू रहेको र आवश्यक गैरखाद्य सामग्री उचित मूल्यमा उपलब्ध हुन सक्ने अवस्थामा प्रभावित परिवारलाई नगद सहयोग गतिविधि सञ्चालन गर्न समन्वय गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | सम्बन्धित गाउँपालिका, नगरपालिका अन्य विषयगत क्षेत्रहरू |

| समयावधि | क्रा सं। | प्रतिकार्य गतिविधिहरू | मुख्य जिम्मेवारी | समन्वय/सहयोग |
|---|---|---|---|---|
| | १३ | विस्थापितहरू रहने शिविरहरुमा उपलब्ध मानवीय सहायताको उपलब्धता, संरक्षण र सेवा प्रवाहको अनुगमन गरी सम्बन्धित विषयगत क्षेत्र र स्थानीय विपद् व्यवस्थापन समितिलाई पृष्ठपोषण गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | अन्य विषयगत क्षेत्रहरू, स्थानीय विपद् व्यवथापन समिति |
| | १४ | विपद् प्रभावित विस्थापितहरूको लागि अस्थायी शिविरमा बसोबासको प्रवन्ध गर्ने कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १५ | विपद् प्रभावित बालबालिका, विशेष परिस्थितिका महिला, अपाङ्गताका भएका व्यक्ति र जेष्ठ नागरिकहरुका लागि संरक्षण विषयगत क्षेत्रसँग समन्वय गरी सुरक्षा एवं संरक्षणको प्रवन्ध गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | संरक्षण विषयगत क्षेत्र |
| | १६ | विपद् प्रभावित मानिसहरुलाई सहायता प्राप्त गर्ने प्रक्रियाहरुमा सहयोग र मार्गदर्शन गर्न सहायता स्थल वा शिविरहरूमा सहयोग कक्षको प्रबन्ध गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | संरक्षण विषयगत क्षेत्र |
| | १७ | अस्थायी शिविरमा शौचालय, खानेपानी, सरसफाई तथा औषधि उपचारको लागि अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | १८ | अस्थायी शिविरमा वृद्धवृद्धा अपांगता भएका व्यक्ति एकल महिला र पुरुषका लागि छुट्टाछुट्टै उपयुक्त बस्ने ठाउँको प्रवन्धको सुनिश्चितता गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | संरक्षण विषयगत क्षेत्र |

| समयावधि | क्रा सं। | प्रतिकार्य गतिविधिहरू | मुख्य जिम्मेवारी | समन्वय/सहयोग |
|---|---|---|---|---|
| | १९ | विपद्को कारण आघातमा रहेका व्यक्तिहरूलाई आश्रयस्थलमा नै मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने प्रवन्ध गर्न सहयोग गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | संरक्षण विषयगत क्षेत्र |
| | २० | अस्थायी शिविर र त्यहाँका सुविधाहरू वृद्धवृद्धामैत्री अपांगता मैत्री लैंगिकतामैत्री भएको तथा अस्थायी शिविरमा बालबालिकालाई खेल्ने ठाउँको सुनिश्चितता गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | संरक्षण विषयगत क्षेत्र स्थानीय विपद् व्यवस्थापन समिति |
| ७ दिन देखि १ महिना | २१ | शिविर समन्वय तथा शिविर व्यवस्थापन क्षेत्रको बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा गराई यसको आधारमा थप अवधिको लागि शिविर संचालन आवश्यकता आँकलन गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | अन्य विषयगत क्षेत्रहरू |
| | २२ | भौतिक संरचना पुनर्निर्माणका लागि आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | सामुदायिक वन उपभोक्ता समितिहरू |
| | २३ | अस्थायी आश्रयस्थलमा रहेका बालबालिकाको सिकाई निरन्तरताको लागि सम्बन्धित स्थानीय तहको शिक्षा शाखा र विद्यालयहरूसँग समन्वय गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | शिक्षा विकास समन्वय इकाइ, स्थानीय तह शिक्षा |
| | २४ | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्रको बहु क्षेत्रगत विस्तृत लेखाजोखा गराई यसको आधारमा यस क्षेत्रको पुनस्थापन तथा शीघ्र पुनर्लाभ योजना तयार गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | स्थानीय सरकारसँग समन्वय गरी आवश्यकता | शिविर | स्थानीय विपद् |

| समयावधि | क्रा सं। | प्रतिकार्य गतिविधिहरू | मुख्य जिम्मेवारी | समन्वय/सहयोग |
|---|---|---|---|---|
| | ५ | अनुसार विस्थापितहरूलाई घर फर्किने वातावरण तयार गरी घर फर्काउन सहजीकरण गर्ने | समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | व्यवस्थापन समिति |
| | २६ | विपद् प्रभाविहरू पहिलेको स्थानमा पुर्स्थापित हुन नसक्ने अवस्थामा वैकल्पिक पुनर्स्थापनाको प्रवन्ध गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने | शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति जिल्ला विपद् व्यवस्थापन समिति |
| | २७ | शिविरहरु तथा आश्रयस्थलहरु बन्द गर्ने (Decommission), निसंक्रमण (Disinfection) गर्ने र शिविरहरु बन्द गर्दा यथासक्दो साइटहरूलाई आफनो मौलिक प्रयोगमा फिर्ता लाने प्रवन्ध गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय विपद् व्यवस्थापन समिति जिल्ला, विपद् व्यवस्थापन समिति |

जल तथा मौसम विज्ञान कार्यालयको मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा मुख्य जिम्मेवारी

कर्णाली प्रदेशमा जल तथा मौसम विज्ञान कार्यालय अन्तर्गत सञ्चालित ३५ वटा बाढी पूर्वसूचना केन्द्र र ६८ वटा मौसमी सूचना केन्द्रहरू छन। यि केन्द्रहरूले जल तथा मौसमी विपद् खासगरी भारी वर्षा तथा वाढीको पूर्वजानकारी दिन सक्छन। सुर्खेतको रातानाङ्गलामा मौसमी राडार केन्द्र स्थापना गरिएको छ। उक्त केन्द्रले कर्णालि प्रदेशकै वर्षा र वाढीको अलावा, असिना र हावाहुरी सम्बन्धी पनि पूर्वजानकारी उपलब्ध गराउन सक्छ। त्यसकारण जल तथा मौसमजन्य विपद्को पुर्वानुमान र पूर्वसूचना दिन सकिने हिसाबले यस प्रदेश देशमै अग्रणी स्थानमा रहेको छ।

**पूर्वतयारीसँग सम्बन्धित कार्यहरूको प्राथमिकीकरणः**

- बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय बैठक गर्ने ।
- जिल्ला भित्रका सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरूलाई तालिम प्रदान गर्ने ।
- जिल्ला भित्रका सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरूमा मनसुन पूर्वतयारी कार्यशाला सञ्चालन गर्ने ।

- विपद्पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने।
- जिल्ला भित्रका सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिलाई पुनरावलोकन गरी अद्यावधिक गर्ने।
- तालिम प्राप्त दक्ष जनशक्तिहरूको विवरण, लेखाजोखा राख्ने र अद्यावधिक गर्ने।
- विषयगत समितिहरूको नियमित बैठक गर्ने।
- जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रको क्षमता अविबृध्दि गर्ने ।
- पूर्व तयारीका लागि कृत्रिम घटना अभ्यास गर्ने ।

**क्षेत्रगत दायित्वः**

जल तथा मौसम विज्ञान विभाग/कार्यालयको दायित्वः

- मौसम तथा बाढी पुर्वानुमान गरी पूर्वसूचना प्रबाह गर्ने

| सि नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | उपलब्ध स्रोत, साधन, जनशक्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **तीन दिन (७२ घण्टा) सम्मको मौसमको पूर्वानुमान**<br>कर्णाली प्रदेशको लागि दैनिक विहान ६ बजे पुर्वानुमान सूचना जारी गर्ने । विषम अवस्थामा जुनकुनै बेला पनि सूचना जारी हुनेछ ।<br><br>मौसमको विशेष अवस्थामा चेतावनी सहितको आकस्मिक मौसम वुलेटिन जारी हुनेछ। आवश्यकता अनुसार विग्रदो मौसमको अवस्थाबारेको पूर्वसूचना समेत जारि गरिनेछ। | जल तथा मौसम विभाग | जल तथा मौसम कार्यालय | ३ दिन सम्मको | २ जना डेडिकेटेड | आकस्मिक मौसम बुलेटिन र मौसम पूर्वसूचना जुनसुकैवेला पनि जारि गरिनेछ |
| २ | **तीन दिन (७२ घण्टा) सम्मको बाढीको पूर्वानुमान**<br>कर्णाली नदी भेरी नदी र अन्य शाखा नदीहरूको बाढीको पुर्वानुमान तथा पूर्वसूचना बुलेटिन दैनिक रूपमा बिहान ७ बजे अपडेट गरिनेछ। विषम अवस्थामा जुनकुनै बेला बुलेटिन जारी हुनेछ । | जल तथा मौसम विज्ञान कार्यालय | बाढी पुर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग | ३ दिन सम्मको | | भेरी र कर्णाली नदीहरूमा ३ दिन र प्रदेश भएर बहने साना नदीहरूमा १ |

| सि नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | उपलब्ध स्रोत, साधन, जनशक्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | दिनसम्मको पूर्वानुमान गरिनेछ। |
| ३ (क) | **बाढी तथा मौसम पूर्वसूचना प्रवाह:**<br>• अतिजन्य मौसम र बाढी सूचना जल तथा मौसम विज्ञान विभागको आधिकारिक वेभसाइटहरू क्रमश mfd.gov.np र hydrology.gov.np मा राखिने छ।<br>• तत्काले प्रदेश विपद् व्यवस्थापक कार्यकारी समिति, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा सूचना संप्रेसित गरिनेछ।<br>• जारी भएको पूर्वसूचना बुलेटिन जल तथा मौसम विज्ञान कार्यालयको आधिकारिक Twitter Page: https://twitter.com/DHM_FloodEWS र website http://www.hydrology.gov.np/#/?_k=l5d81bमा राखिनेछ<br>• बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने मुख्य नदी जलाधारका सर्वसाधारणहरूलाई मोवाइलमा एस एम | जल तथा मौसम विज्ञान कार्यालय | प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र | पुर्वानुमान तथा पूर्वसूचना बुलेटिन जारी भएको आधा घण्टाभित्र सम्पुर्ण सरोकार वालाहरू तथा सर्व साधारणहरूमा प्रवाह भैसक्ने छ | | |

| सि नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | उपलब्ध स्रोत, साधन, जनशक्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| | एस पठाइने छ।<br>• देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोलफ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिनेछ।<br>• मौसम पूर्वानुमानको हकमा सर्वसाधारण लगायतका लागि सम्पर्क टेलिफोन काठमाडौंमा- ०१-४११३१९१ र ०१-४४८६८६९ र सुर्खेतमा ०८३-५२३५१९, ९८५८०५२२३४ मा २४ सै घण्टा  खुल्ला राखिनेछ।<br>• अत्यन्तै विषम प्रकृतिको बाढी तथा मौसमको पुर्वानुमान भएको खण्डमा प्रेष विज्ञप्ति समेत जारी गरिनेछ।<br>• बाढी र मौमस बुलेटिन सबै सञ्चारका माध्यमहरूलाई नियमित रूपमा प्रदान गरिनेछ। | | | | | |
| ४ (ख) | **बाढी तथा मौसम पूर्वसूचना प्रबाह:**<br>जल तथा मौसम विज्ञान विभाग/कार्यालयबाट जारी भएको पूर्वसूचना जिल्ला स्थित सबै सरोकारवाला निकायहरूले आ-आफ्नो मातहतको निकायहरू मार्फत प्रभावित हुन सक्ने सबै समुदाय र व्यक्तिहरूमा पु-याउने | प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रहरू | नेपाल रेडक्रस सोसाइटी, मास मिडिया | सूचना प्राप्त हुनासाथ | | |

# गैह्रसरकारी निकायको मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा मुख्य जिम्मेवारी

| नेपाल रेडक्रस सोसाईटी |
|---|
| **पूर्वतयारीका मुख्य क्रियाकलापहरू** |
| • सेल्टर सम्बन्धी अभिमुखीकरण तथा तालिम गर्ने ।<br>• सेल्टर निर्माणका लागि आवश्यक पर्ने सामाग्रीहरू भण्डारण गर्ने<br>• गोदाम घरहरू अद्यावधिक गर्ने ।<br>• राहत आपूर्ति तथा वितरण (खाद्य तथा गैह्रखाद्य सामाग्रीहरू) तयारी अवस्थामा राख्ने ।<br>• प्रारम्भिक द्रुत लेखाजोखाका फारामहरू छपाई गरेर तयारी अवस्थामा राख्ने ।<br>• प्रारम्भिक द्रुत लेखाजोखाका लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार र अद्यावधिक गर्ने ।<br>• प्राथमिक उपचार, cadre , CSAR टोलि लाई तालिम दिने र अद्यावधिक गर्ने । |
| **प्रतिकार्यका मुख्य क्रियाकलापहरू** |
| • प्रारम्भिक द्रुत लेखाजोखा सर्वेक्षण गर्ने ।<br>• राहत आपूर्ति तथा वितरण (खाद्य तथा गैह्रखाद्य सामाग्रीहरू) वितरण गर्ने ।<br>• खानेपानी तथा सरसफाई र स्वास्थ्य सम्बन्धी गतिविधिहरू तथा स्वास्थ्य कीट वितरण, अभिमुखीकरण, जनचेतनामूलक कार्यक्रम तालिमहरू गर्ने ।<br>• जिल्ला शाखाहरू र DDRT लाई सचेत पत्र पठाउने ।<br>• दैनिक प्रतिवेदन प्रकाशन तयार गर्ने ।<br>• मनसुन पुनर्लाभ कार्यक्रम सञ्चालन गर्ने ।<br>• सेल्टर निर्माणमा सहयोग गर्ने । |

## निजी क्षेत्रको मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा मुख्य जिम्मेवारी

| चेम्बर अफ कमर्स र उद्योग वाणिज्य संघ |
|---|
| **पूर्वतयारीका मुख्य क्रियाकलापहरू** |
| • मनुसूनको अवस्थालाई मध्यनजर गरी जिल्ला तथा स्थानीय स्तरका व्यापारीहरूलाई आवश्यक पर्ने खाद्य तथा गैह्रखाद्य सामाग्रीको भण्डारण गर्न लगाउने ।<br>• सम्बन्धित क्षेत्रको व्यावसायिक निरन्तरता योजना तयार गर्न लगाउने ।<br>• यातायात व्यवसायी, ट्रक व्यवसायी, हेभिइक्विपमेण्ट व्यवसायीहरूसँग सम्झौता गर्ने । |
| **प्रतिकार्यका मुख्य क्रियाकलापहरू** |
